# २०४७–४८

## २०४७ साल आषाढ २९ गते
## अर्थ मन्त्री डा.देवेन्द्र राज पाण्डेले
## दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौं
२०४७

**सम्मानीय प्रधानमन्त्रीज्यू**

१. जन आन्दोलनबाट निःसृत बहुदलीय प्रजातान्त्रिक राजनैतिक व्यवस्थाको स्थापना पछि गठीत अन्तरिम सरकारको अर्थ मन्त्रीको हैसियतले नेपालको आर्थिक वर्ष २०४७।४८ को बजेट जन समक्ष पेश गर्न लागेको यस घडीमा म सर्वप्रथम जन आन्दोलनमा वीरगति प्राप्त गर्ने नेपाली सपूतहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु । तीस वर्षको विकराल युगको अन्त भएको तीन महिना पनि पुग्दै तर्जुमा भएर प्रस्तुत हुन लागेको यस बजेटमा विगतका कमजोरीहरु हटाउने र अब लिनु पर्ने मार्ग वारे ठोस नीति र कार्यक्रम पूर्ण रुपमा समावेश हुन सक्ने कुरा भएन । तर पनि जन आन्दोलनले अपेक्षा गरे बमोजिमको संविधान निर्माण र आम निर्वाचन तथा जन–अनुमोदित प्रजातान्त्रिक सरकारको चयन गर्ने काममा आर्थिक क्षेत्रबाट सकभर योगदान पुगोस् भन्ने कुरालाई नै बजेटको मुख्य ध्येयको रुपमा लिएको छु ।

२. देशको अर्थ व्यवस्थामा रहेका अनेक विकृति, विषमता तथा विसंगतिहरु जनतालाई वोध गराउन र यसरी समस्यै समस्यामा जेलिएको अर्थ–व्यवस्थालाई सुधार गर्ने सन्दर्भमा अन्तरिम सरकारले केही हप्ता अघि जनसमक्ष ल्याएको वर्तमान आर्थिक स्थितिको दस्तावेज र विभिन्न क्षेत्रको विकासको निमित्त अनुशरण गरिने नीतिगत मार्गदर्शन सबैमा विदितै छ । गत एक वर्षको आर्थिक गतिविधिको विवरण भएको आर्थिक सर्भेक्षण पनि जन समक्ष आइसकेको छ । मूल कुरा के भने अव्यवस्थित एवं दिशाहीन आर्थिक व्यवस्थापनको कारणबाट विकास कार्यहरुमा यथेष्ट लगानी भएता पनि प्रतिफल भने न अर्थ–व्यवस्थाले उत्पादन क्षमतामा वृद्धिको रुपमा लिन सकेको छ न त सर्वसाधारण जनताले नै प्रत्यक्ष लाभ पाई जन–कल्याणमा वृद्धि भएको छ । राजनैतिक प्रतिवद्धताको अभाव, जनउत्तरदायी भावनाको कमी र गैह्र जिम्मेवार शक्ति केन्द्रहरुको बोलवालाले गर्दा जसरी कमिशन तन्त्र, कालो बजार र भ्रष्टाचार जस्ता विकृतिहरु बढ्दै गए त्यसबाट सर्वसाधारण जताको जीवनस्तर कष्टपूर्ण हुन गएको अवस्था र समाजमा उद्यमशीलता र वचत तथा न्याय सम्बन्धी भावना र आदर्शमा आएको ह्रासले पनि अहिले हामीलाई पिरली  रहेछ । नेपाली जनता सबै चाहे राजनीतिक क्षेत्रमा कार्यरत नागरिक हुन् या प्रशासनमा अथवा शिक्षक, कृषक वा श्रमिक हुन् वा उद्योग व्यापारमा संलग्न वा विभिन्न अरु पेशामा जहां कार्यरत भए पनि सबैको अगाडि प्रमुख उत्तरदायित्व के छ भने देशको दुर्वल अर्थ–व्यवस्था, सरकारको नाजुक वित्तिय स्थिति र अरु यस्तै वस्तुस्थितिको परिप्रेक्षमा काम गर्दा जन आन्दोलनको क्रममा प्रजातन्त्रप्रेमी जनताले गरेको बलिदान र त्यागबाटप्राप्त बहुदलिय प्रजातन्त्रको सम्वर्धन तथा विकासको काममा कतैबाट वाधा नपुगोस् । यस आवश्यकता प्रति सचेत भएर नै हिजोका जन विरोधी शक्ति केन्द्रहरु वा तिनका क्रियाकलापको नास गर्दै हामी सबैले स्वाभिमान र आत्मसम्मानका साथ आ–आफ्नो सामाजिक वा पेशागत धर्मको निर्वाहबाट जनताको जीवनस्तर उठाउने काममा योगदा पुऱ्याउन सक्नेछौं । मैले आज प्रस्तुत गर्न लागेको बजेट यही भावनाबाट प्रेरित र निर्देशित छ ।

३. नेपाली जनताको विपन्नताको पृष्ठभूमीमा सर्वसाधारण जनताको हितको कुरा गर्दा सबै भन्दा महत्वपूर्ण प्रश्न रोजगारी र आय वृद्धिकै हुन आउंछ । यसको निमित्त विगतका त्रुटिहरुलाई सच्याई गर्नु पर्ने प्रयास पूर्ण रुपले कार्यान्वयन गर्न र परिणाम दिन समय लाग्ने छ । तर पनि अहिलेदेखि नै सरकारी क्षेत्र तथा निजी क्षेत्रमा हुने विकासका गतिविधिहरु सकभर बढी उत्पादन मूलक र रोजगारी मूलक बनाइनु पर्ने कुरामा अन्तरिम सरकार सचेत छ । बजेटमा कृषकलाई दिइने सेवा वा सुविधा अथवा औद्योगिक विकासको निम्ति व्यवस्था गरिने प्रोत्साहन अथवा विपन्न समुदाय प्रति लक्षित कार्यक्रम यी सबै कुराको योगदान वेरोजगारी वा अर्ध वेरोजगारीको स्थितिमा सुधार ल्याउने कार्यमा हुनु पर्दछ । अन्तरिम कालको निमित्त त्यत्तिकै वा सो कार्यक्रमको कार्यान्वयन जनतालाई केही न केही रुपमा राहत मिल्ने किसिमको हुनु पर्दछ । यस सन्दर्भमा मूल्य वृद्धिको समस्या नै एक महत्वपूर्ण पक्ष हुन आउंछ । खर्च सम्बन्धी नीतिदेखि राजस्व परिचालनसम्मका नीति अंगाल्दा मूल्यमा के असर पर्छ भन्ने तर्फ मनन गर्नु पर्ने कुरा आजको परिस्थितिमा सरकारको प्रमुख दायित्व हुन आउंछ ।

**बजेटको आधारभूत सिद्धान्त**

४. आजको अवस्थाको वस्तुनिष्ठ विश्लेषणको आधारमा आगामी वर्षको बजेट तर्जुमा गर्ने क्रममा विकास प्राथमिकता र आर्थिक नीति निर्धारणको निमित्त अन्तरिम सरकारले समाजमा निजी स्वार्थ र सामाजिक दायित्व बीच आवश्यक सन्तुलनको विकास गर्ने सिद्धान्त अंगालेको छ । एक वर्ष मै गर्न सक्ने काम सीमित हुन्छ तापनि अहिले समात्ने वा विराउने बाटोहरुले भावी सरकारको प्रभावकारितालाई पनि असर पार्छ । मूल कुरा के भने आइन्दा मुख्यतः विपन्न समुदायमा गणना हुने वहुसंख्यक जनताहरुको हितलाई नै आर्थिक विकास निर्देशित गर्ने प्रमुख मापदण्ड नबनाई सुख छैन । विकास प्रक्रियामा आर्थिक लाभको लेखाजोखा आवश्यक हुन्छ । तर कस्ले लाभ गर्छ वहुसंख्यक गरिबले कि शक्तिशाली नवधनाड्य वर्गले, लगानीकर्ताले कि पराश्रयीले, उपभोक्तले कि नाफाखोरले भन्ने प्रश्न पनि उत्तिकै टड्कारो र महत्वपूर्ण हुन्छ भन्ने मेरो धारणा छ । तसर्थ प्रजातान्त्रिक मर्यादा अनुकूल स्वच्छ, न्यायगत र मुक्त आर्थिक व्यवहारलाई प्रोत्साहित गर्ने अर्थ व्यवस्थाका सम्बन्धित केही पक्षहरुको विशेष महत्व छ । पहिलो विषय सरकारी क्षेत्रको भूमिकासंग सम्बन्धित छ । हामी सरकारी क्रियाकलापको अनावश्यक विस्तार गर्ने पक्षमा छैनौं र वास्तवमा पंचायती कालमा धान्नै नसकिने गरी विस्तार गरिएको प्रशासन र सार्वजनिक संस्थानहरुको संचालनको आर्थिक बोझ थेग्न हामीलाई गाह्रो छ । तर देशको विकासमा सरकारी संलग्नता र भूमिका गौण हुनु पर्दछ भन्ने भनाईसंग हामी असहमत छौं । जनताप्रति जवाफदेही, दक्ष र कार्यशील सरकारी यन्त्रले विकास कार्यमा गहन भूमिका निर्वाह गर्नु पर्दछ भन्ने सिद्धान्तमा यो सरकार विश्वास राख्दछ । यस्तै सरकारबाट नै निजी क्षेत्रको विकासमा सघाउ पुग्ने कुरा पनि विर्सन हुन्न ।

५. यो सरकार निजी क्षेत्र र सरकारी क्षेत्र बीच रचनात्मक र परिपूरक सम्बन्धको विकासमा जोड दिन्छ । त्यस्तै नयां, उदार र स्वतन्त्र वातावरण अनुकूल हाम्रो संपूर्ण आर्थिक गतिविधि खास गरी उद्योग व्यापार क्षेको क्रियाकलापहरुमा स्पष्टता र खुलापन हुनु पर्दछ । आर्थिक विकासका लागि रचनात्मक गतिविधिको स्थायित्वको सिद्धान्तको पनि उत्तिकै महत्व रहन्छ । रातारात धनी बन्ने विकृत आकांक्षाजन्य आर्थिक क्रियाकलापलाई निरुत्साहीत नगरेसम्म वृद्धि, विवेक र लगतमा आधारित आर्थिक विकासको स्थायी आधारशीला तयार गर्न सकिन्न । यिनै तथ्य र सैद्धान्तिक आधारहरुलाई मैले आगामी वर्षको आर्थिक र विकास नीति र कार्यक्रम तर्जुमा गर्दा अनुशरण गर्ने प्रयास गरेको छु ।

६. अन्तरिम सरकारको यस बजेटमा निहित सिद्धान्तको सन्दर्भमा अर्को एउटा प्रासाङ्गिक कुरा के हुन आउंछ भने नयां संविधान अन्तर्गत निर्वाचन भई आउने सरकारलाई विकासको गति तीव्र रुपले अगाडि बढाउन चाहिने वातावरणको सृजनामा बजेटले सघाउन सक्नु पर्दछ । आर्थिक नीति नियम र तिनका कार्यान्वयनका विसंगति र विरोधाभाषहरुलाई सच्याउने कुरादेखि प्रत्येक वर्ष पर सार्दै ल्याइएका वित्तिय दायित्वहरुको छिानोफानो गर्ने क्रम शुरु गर्ने कुराहरु पनि यस दृष्टिले प्रासाङ्गिक हुन आउंछ ।

<u>बजेटका उद्देश्यहरु</u>

७. यस बजेटमा अन्तर्निहित चार मुख्य उद्देश्यहरु छन् । (१) विकास कार्यक्रमलाई यथार्थवादी, उत्पादनशील र विपन्न समुदायले प्रत्यक्ष लाभ हासिल गर्न सक्ने गरी विद्यमान विसंगतिहरुलाई सच्याउने र एक–अर्काको पूरक हुने गरी दिशावोध दिने क्रमको थालनी गर्ने । (२) निजी क्षेत्रको भूमिका र सरकारले प्रदान गर्ने सहुलियतलाई बढी विवेकसिल बनाउने । (३) सर्वसाधारणले भोगनु परेको कठिन भार सकभर कम गर्ने, (४) विगतदेखि संगालिएका सरकारी वित्तिय दायित्वहरुको छिनोफानोको क्रम शुरु गरी भावी सरकारलाई बढी सुविधाजनक स्थिति हस्तान्तरण गर्ने । विकास खर्चको बांडफांड, राजस्व परिचालन लगायत अरु वित्तिय एवं मौद्रिक नीति प्रस्तुत बजेटमा यिनै उद्देश्यहरुबाट निर्देशित छन् ।

**(विकास कार्यक्रमहरुलाई दिशावोध दिने क्रमको थालनी)**

८. विकास खर्चलाई उल्लेखित उद्देश्य अनुरुप एकै वर्षमा ढाल्न संभव हुंदैन । त्यसमाथि विगत वर्षका राज्यको प्रतिवद्धताहरु र त्यसबाट निसृत पूर्ण अपूर्ण विभिन्न प्रकारका आयोजनाहरुको दायित्वको बोझ व्यहोर्नु पर्ने अवस्था छँदैछ । फेरी नेपालमा विकास बजेट सरकारको कर्यान्वयन क्षमता भन्दा ठूलो हुने गरको अनुभव सबैलाई छ । आगामी वर्षमा विकास बजेटलाई भावी विकासको क्रममा नकारात्मक असर नपर्ने गरी चालू वर्षको अनुमान भन्दा कम स्तरमा नियन्त्रित गरी बढी यथार्थवादी बनाइने छ । साधारण खर्च तर्फ पनि खास गरी वित्तिय घाटा न्यूनतम राखिने छ । जहांसम्म खर्चको बांडफांडको प्रश्न छ त्यहां केही वाध्यताहरु छन् । सरकारले लिएको ऋणको सांवा र व्याज भुक्तानीको निमित्त बढी रकमको व्यवस्था गर्नु पर्ने कुरा एउटा यस्तै वाध्यता हो । बजेटमा जतिसुकै नियन्त्रण गरिए पनि आगामी वर्ष वित्तिय साधन जुटाउनु पर्ने सबै भन्दा महत्वपूर्ण कार्य आम निर्वाचन सु–सम्पन्न गर्ने पर्याप्त रकम बजेटमा समावेश गरिएको छ ।

९. विकास तर्फ अनुत्पादक वा आर्थिक तथा प्राविधिक दृष्टिले संभाव्य नहुने खालका आयोजनाहरुको पुनरावलोकन गरी चालू राख्नु पर्ने आयोजनाहरुलाई चालू राख्ने, सशोधन गर्नु पर्नेलार्य संशोधन गर्ने र खारेज गर्नु पर्ने लाई खारेज गर्ने नीति अंगाल्न खोजिएको छ । तर कतिपय योजनाहरु शंकास्पद हुंदा हुंदै पनि भइसकेको लगानी र ठेकेदारहरुसंगको ठेक्का पट्टाका शर्तबाट उव्जन सक्ने दायित्वलाई मनन गर्दै हाललाई बजेटमा समावेश गरिएको छ । त्यस्तै अरु कतिपय विकास आयोजनाहरु अनुत्पादक देखई खर्चको स्तर धेरै घटाइए पनि यस्ता आयोजनाहरुमा काम गर्ने कर्मचारीहरु आदि बारे अर्को व्यवस्था गर्न समय लाग्ने हुंदा तलव आदि मै बढी रकम राख्नु पर्ने हुंदा हुंदै पनि यस्ता आयोजनाहरुलाई विकास बजेटबाट झिक्न सकिएको छैन । यस्तो कार्यमा राष्ट्रिय योजना आयोगको सहभागिताबाट समेत यस बजेट लाभान्वित भएको छ तापनि तिन महिना भन्दा कम अवधिको अन्तरिम सरकारबाट विकास कार्यक्रमको ढांचामा पूर्ण परिवर्तन गर्न सम्भव छैन ।

१०. जहांसम्म विकास प्राथमिकताको प्रश्न छ, त्यसमा कुनै द्विविधा छैन । कृषि, सिंचाईदेखि उद्योगसम्म उत्पादनशील क्षेत्रहरुमा सकभर बढी जोड दिनु पर्ने आवश्यकता छ त्यस्तै अलि दिर्घकालिन दृष्टिकोण राख्ने हो भने वन र वातावरण संरक्षणको आफ्नै महत्व छ । खानेपानी, शिक्षा, स्वास्थ्य क्षेत्रको विकासमा तिव्रता ल्याउन पर्ने कुरामा पनि दुई मत हुन सक्दैन । तर आज हाम्रो अगाडि के प्रश्न छ भने कुन क्षेत्रलाई बढी प्राथमिकता दिने कुरा भन्दा प्राथमिकता दिएका भनिने क्षेत्रमा हुने काम र खर्चलाई कसरी बढी विकासमूलक यातायात वा सिंचाईका केन्द्रहरुमा हुने साधनको दुरुपयोग कम गरी बढी भन्दा बढी प्रतिफल कसरी लिने ? यी विषयहरुमा सुधार ल्याउन पनि विदेशी सहायता सम्बन्धी व्यवस्था र हाम्रो मानसिकतामा सुधार ल्याउन आवश्यक छ जस्को निम्ति सक्दो प्रयास आगामी वर्ष गरिनेछ ।

११. देश विकासमा वैदेशिक सहायताको महत्वपूर्ण भूमिका र प्रभावलाई मध्यनजर राखी यस अन्तरिम सरकारले विदेशी ऋण र सहायता लिंदा आयोजनाको छनौट र प्राथमिकता तोक्ने कार्यलाई गम्भिरतापूर्वक लिई आफ्नो भूमिका निर्वाह गर्ने छ । वैदेशिक सहायता तथा ऋणको उपयोग सम्बन्धी नीति सुनियोजित रुपमा एकै निकायबाट नियन्त्रित गरिने छ । विदेशी सहायतालाई देशको आवश्यकता र यसले जनताको आर्थिक तथा सामाजिक स्थितिमा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यानमा राखी छानिएका खास खास क्षेत्रहरुमा प्रवाहित गरी सिप र प्रविधि हस्तान्तरणमा विशेष जोड दिंदै विकास

आधारशिला निर्माण गर्ने कामको अतिरिक्त स्वावलम्बी आर्थिक विकास गर्ने कार्यतर्फ परिलक्षित गरिनेछ । मुख्यतः सहायताको गुणस्तर र प्रभावकारिता बढाउने कार्यलाई विशेष प्राथमिकता दिइने छ । यसै सन्दर्भमा यस अन्तरिम सरकारले शुरु गरिसकेको स्वदेशी श्रोत तथा वैदेशिक सहायताद्वारा सन्चालित चालू आयोजनाहरुको पुर्नमूल्यांकन गर्ने कार्यमा दुई पक्षिय र बहु पक्षिय दातृ संस्थाहरुले पुऱ्याएको सहयोग र समर्थनको लागि म धन्यवाद दिन चाहन्छु । केही हप्ता बैठकमा अन्तरिम सरकारको विकास सम्बन्धी नीति र प्रजातान्त्रिक सुदृढीकरणको बाटोका चुनौतीहरु वारे आफ्नो विचार सहायता समूहका मित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु समक्ष राख्ने अवसर पाएथें । त्यस सन्दर्भमा सबै पक्षबाट जुन सद्भावना र समर्थन प्रकट भयो त्यसले हाम्रो हौसला बढाएको छ र प्रजातान्त्रिक नेपालको विकासको निम्ति आवश्यकता अनुसार मुलुकभित्र प्रवाहित हुने विदेशी सहायताको प्रभावकारिता बढाउन सकिने कुरामा म विश्वस्त छु ।

**निजी क्षेत्रको भूमिका र सरकारले प्रदान गर्ने सहुलियतलाई बढी विवेकसिल बनाउने**

१२. निजी क्षेत्रको प्रसंग आउंदा सामान्यतया उद्योग व्यापार क्षेत्रकै चर्चा गर्ने चलन छ । तर हाल पनि निजी क्षेत्रको सबैभन्दा महत्वपूर्ण आर्थिक गतिविधि कृषि नै हो भन्ने कुरामा दुई मत हुन सक्दैन । कुरा यति मात्र हो कि कृषि विकासका लागि चाहिने कतिपय उत्पादन सामग्री सेवा र सुविधा सरकारी निकायहरुले प्रदान गर्दै आएका छन् । तर यी सेवा सुविधाहरु प्रभावकारी हुन सकेका छैनन् न यिनको परिमाणात्मक र क्षेत्रगत व्यापकता र गुणस्तर नै अपेक्षा गरे अनुरुप छ । यसो हुनुमा मुख्यतया वितरण प्रणालीको कमजोरी र खास गरी यस्ता निकायहरु र सर्वसाधारण किसानबिच सक्रिय मध्यस्थकर्ताको अभाव हुनु हो । त्यसैले कृषि सेवा र सामग्री कृषक छेउ सुलभ तरिकाले पुऱ्याउन सरकारी निकायहरुको कार्यशैली र संगठनमा सुधार गर्नुको अतिरिक्त यी वस्तुहरुको ग्रामिणस्तरमा हुने विक्री वितरणमा निजी क्षेत्र, गैह्र सरकारी संस्था र सहकारी संस्थाहरुको स.लग्नतालाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । यस्ता वस्तुहरुको उत्पादन र विक्री वितरणमा समेत कृषि मै संलग्न हुने निजी क्षेत्रका मझौला व्यापारिक संस्थाहरुको विकास गरी कृषि सेवामा व्यापकता ल्याउने प्रयास गरिने छ । विऊ, विजन, माछा जस्ता उत्पादन सामग्री र कृषि प्रसार आदि सेवा कृषकसम्म पुऱ्याउने सर्तमा केही सरकारी कृषि फार्म र माछा पोखरीहरु समेत विशिष्टता प्राप्त निजी क्षेत्रका संस्थालाई कबुलियत गराई हस्तान्तरण गरिनेछ । यसबाट सरकरको व्ययभार घट्ने छ, निजी क्षेत्रका उद्यमीहरुले आफ्नो प्रतिभा प्रर्दशन गर्न पाउने छन र राष्ट्को उत्पादन र आय बढ्ने छ ।

१३. स्थानीय जनताको कृयाशिलता, संगठन र आत्मविश्वास विना वास्तविक अर्थमा ग्रामीण विकास कृषि या अन्य कुनै क्षेत्रमा सम्भव हुंदैन । विगत वर्षहरुमा पनि विपन्न र पिडिएका वर्गहरुको् हितका लागि साना किसान आयोजना, महिला विकास आयोजना जस्ता सकारात्मक प्रयासहरु नभएका होइनन् तर राजनैतिक प्रतिवद्धताको अभावमा सन्चालन भएका यस्ता छुटपुट प्रयासहरुले अपेक्षित उद्देश्य हासिल गर्न सकेका छैनन् । झन् सरकार र जनताबीच स्थानीय जनताको कृयाशिलता, संगठन र आत्मविश्वास विना वास्तविक अर्थमा ग्रामीण विकास कृषि या अन्य कुनै क्षेत्रमा सम्भव हुंदैन । विगत वर्षहरुमा पनि विपन्न र पिछडिएका वर्गहरुको् हितका लागि साना किसान आयोजना, महिला विकास आयोजना जस्ता सकारात्मक प्रयासहरु नभएका होइनन् तर राजनैतिक प्रतिवद्धताको अभावमा सन्चालन भएका यस्ता छुटपुट प्रयासहरुले अपेक्षित उद्देश्य हासिल गर्न सकेका छैनन् । झन् सरकार र जनताबीच "लिने र दिने" जस्तो असमान सम्बन्धमा आधारित यस्ता कार्यक्रमहरुले जनसंगठनहरुको विकासमा ठोस सघाउ पुऱ्याउन नसक्नु स्वाभाविक हो । ग्रामीण तहमा विपन्न परिवारहरुलाई गठित गराउंदै कसैमाथि भर परेर होइन सकभर आफ्नै प्रयासबाट क्रमशः रोजगारी र आय वृद्धि गर्ने स्वाबलम्बी विकासको भावना र गतिविधि बढाउन आवश्यक छ । बदलिएको परिस्थितिमा स्थानीय जन–प्रतिनिधि नभएको हालको अवस्थामा यस्तो कार्य झन सार्थक हुन सक्छ । यस प्रयोजनका लागि श्री ५ को सरकारले शुरुमा केही रकमको बन्दोबस्त गरी एक "ग्रामीण स्वाबलम्बन विकास कोष" को स्थापना गर्ने छ । उक्त कोषबाट आफ्नै अग्रसरतामा संगठित भई अगाडि आउने विपन्न समुदायका प्रयासहरुलाई उत्पादनको निम्ति संपत्ति सृजना र आय आर्जन गर्ने काममा सहयोग पुऱ्याइने छ ।अन्तरिम कालमा परीक्षणको निमित्त गरिने साना किसान आयोजना जस्ता लक्षित कार्यक्रमहरुबाट दीर्घकालिन रुपमा साना किसान, भूमिहीन किसान र विपन्न वर्गको जनचेतनामा वृद्धि हुने, ग्रामीण शक्तिको समूहकृत हुने र स्वस्फूर्त स्वावलम्बी विकास अभियानको सुत्रपात हुने विश्वास लिएको छु । नेपाली समाज र अर्थतन्त्रको संरचना हेर्दा खेर गइरहेको सबै श्रमशक्ति संगठित क्षेत्रमा संलग्न गर्न गराउन धेरै कालसम्म पर्खन पर्ने हुन्छ । हाललाई ग्रामीण अर्थ वेरोजगारीको समस्यासंग जुध्ने प्रभावकारीउपाय यहां प्रतिपादित गर्न खोजिएको स्वावलम्बी विकासको प्रवर्द्धन हुन सक्नेछ । त्यस्तै संभावना घरेलु उद्योगको विकासको छ । यी सबै साना देखिने गतिविधि पनि निजी क्षेत्रका हुन् भन्ने कुरा विर्सन हुन्न ।

१४. अनुदान जस्ता सुविधाहरु आइन्दा निम्न आय भएका कृषक वर्ग प्रति मात्र लक्षित गरिने छ । आर्थिक विपन्नताबाट ग्रसित र पिडिएका महिला तथा भूमिहीन कृषकहरुको समेत आर्थिक उत्थान गर्ने उद्देश्यले संचालित साना किसान विकास कार्यक्रम अन्तर्गतका समूहहरुमा संगठित त्यस वर्गका सदस्यहरुलाई उत्पादन तथा आयमूलक परियोजना सन्चालन गर्न रु. १० हजारसम्मको ऋण रकम विना धितो उपलब्ध गराइने छ । यसबाट धितो देखाउने,बुझाउने काममा साना किसानले खर्च गर्नु पर्ने साधन र श्रमबाट मुक्ति पाउने छन् । कृषिजन्य सबै प्रकारका व्यवसायहरु सन्चालन गर्नका लागि आगामी २०४७ श्रावण १ गतेदेखि साना किसान विकास कार्यक्रम र सघन वैकिंग कार्यक्रम अन्तर्गत मात्र प्रदान गरिने सालभरीमा बढीमा रु. १० हजारसम्मको कृषि ऋण रकमको व्याजमा चार प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ । आगामी आर्थिक वर्षदेखि हालको नीति अनुरुप दिइ आएको व्याज अनुदान खारेज गरिएको छ । २०४७ आषाढ मसान्तसम्म प्राप्त गरेको ऋण रकममा दिइएको व्याज अनुदान यथावत नै राखिने छ । कृषकहरुहरुले लिएको ऋण समयमै तिर्न नसकेकोले स–साना कृषकहरुको जग्गा

लिलाम समेत गर्नाले यस्ता कृषकहरुलाई साह्रै मर्का परेको देखिएकोले रु. १० हजारसम्म लिएको भाखा नाघेको ऋण भुक्तानी अवधि एक वर्ष थप्ने व्यवस्था मिलाएको छु । तर त्यस्तो ऋण माफी भने हुने छैन भन्ने कुरा प्रष्ट पार्न चाहन्छु । पशु विमालाई व्यापक गरी संभाव्य नोक्सानीको खतराबाट स–साना कृषकहरुलाई सुरक्षित गर्न र आकर्षित गराउन विमा गरिने राशीको १० प्रतिशत प्रिमियम वापत तिर्नु पर्ने रकमको ५० प्रतिशत श्री ५ को सरकारले अनुदान स्वरुप व्यहोर्ने छ । यस्तो अनुदान साना किसानले मात्र पाउने छन् । रासायनिक मलमा दिई आएको मूल्य तथा ढुवानी अनुदान दिने व्यवस्था कायम राखिएको छ ।

१५ औद्योगिकरण तपर्फ औद्योगिक व्यवसाय ऐन र तत्सम्बन्धी नियमहरुमा समयानुकूल परिवर्तन गरी औद्यागिक नीतिमा सुहाउंदो सुधार गरिने छ । यस्तो परिवर्तन गर्दा विशेषज्ञ र उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधिहरुको सहभागिता पनि रहने छ । यस्तो परिवर्तनको मूल उद्देश्य उत्पादकत्व बढाउने, मूल्य अभिवृद्धिलाई प्रेरित गर्ने र त्यसैको आधारमा सरकारबाट दिने प्रोत्साहन निर्धारण गर्ने हुनेछ । औद्योगिक व्यवसाय ऐनमा भएका अनावश्यक नियन्त्रणका प्रावधान र प्रशासनिक तजवीजद्वारा प्रदान गरिने सुविधाहरु हटाइने छन् । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन दुवै थरिका उद्योगहरुमा स्थानीय वस्तु र सेवाको प्रयोग र मूल्य अभिवृद्धिको आधारमा संरक्षण र सुविधा प्रदान गर्ने नीति दृढताका साथ कार्यान्वयन गरिनेछ । घरेलु उद्योगले पाउने सुविधाहरु पनि निश्चित गरिनेछ ।

१६. निकासीमूलक उद्योगहरुलाई तिनको उत्पादनमा लाग्ने अन्तःशुल्क, विक्री कर, एवं कच्चा पदार्थमा लागेको महसूल फिर्ता दिने नीतिलाई अझसम्म पूर्ण रुपले कार्यान्वयनमा ल्याइएको छैन । त्यसैले निकासीमूलक उद्योगहरुको उत्पादनमा लाग्ने अन्तःशुल्क र विक्रीकर छूट दिने हालको व्यवस्था कायमै राखी तिनको प्रयोग गर्ने कच्चा पदार्थमा लागेका यस्ता शुल्क र करहरु शुरुदेखिनै तिर्नु नपर्ने गराउन आगामी आर्थिक वर्षदेखि यी शुल्क एवं करहरु वापत बैंक ग्यारेण्टी लिने, प्रत्येक कन्साइन्मेन्टमा आयातित कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै विदेशी मुद्रा आर्जन हुने गरी विक्री गरेको प्रमाण पेश गरे पछि बैंक ग्यारेण्टी फुकुवा गर्ने व्यवस्था गरिनेछ ।

१७. प्रक्रियागत सुधार गर्ने क्रममा उद्योगलाई दिने सबै सुविधाहरु “एकै द्वार” प्रणालीबाट प्रदान गराउन उद्योग मन्त्रीले अध्यक्षता गर्ने हालको औद्योगिक प्रवर्द्धन समितिको निर्णय श्री ५ को सरकारका सबै नियकाहरुलाई मान्य हुने व्यवस्था मिलाइने छ । रुग्ण उद्योगहरुको पुनः संचालनको लागि के कस्तो वित्तिय एवं प्राविधिक सहयोग दिन सकिन्छ सो वारे अध्ययन गराई उपयुक्त निर्णय लिइने छ । घरेलु उद्योगलाई आवश्यक तालीम, कच्चा पदार्थ एवं उत्पादित वस्तु सम्बन्धी सेवाहरु एकिकृत रुपमा उपलव्ध गराई यस्ता उद्योगको विकासमा सघाउ पुऱ्याइने छ । आवश्यक परेमा खुला इजाजत पत्रद्वारा उद्योगहरु आफैंले आयात गरी आएका कच्चा पदार्थहरुको आयातमा व्यापारिक संस्थाहरु समेत संलग्न गराएमा बढी प्रतिस्पर्धा भई यी वस्तुहरुको आयात सस्तो र सुलभ हुन सक्ने तर्फ पनि विचार पुऱ्याइने छ ।

१८. व्यापार क्षेत्रमा पनि विद्यमान कार्यविधिलाई यथासक्य सरलीकरण गरी तस्करी आदिबाट हुने विदेशी मुद्राको दुरुपयोग नियन्त्रण गर्दै खास व्यापारीहरुलाई अनावश्यक र अनिश्चितताबाट मुक्ति दिन इजाजत प्रणालीलाई बढी पारदर्शक बनाइने छ । यस सन्दर्भमा बोल कबोल प्रथा र इजाजत प्रणालीको पुनरावलोकन गरी सुधार गरिनेछ । यसो गर्दा इजाजत प्रणालीमा साना व्यापारीको पहुंच हुने, आपसी प्रतिस्पर्धा बढ्ने र वैशिष्टता हासिल गर्न प्रोत्साहित गर्ने खालका प्रावधानहरुको व्यवस्था गरिने छ ।

१९. यी सबै कदमहरुबाट हालको परिवर्तित अवस्थामा उद्योगपति र लगानीकर्ता सबैले निश्चितताका साथ उद्योग व्यवसाय संचालन र विस्तार गर्न सक्ने वातावरण तयार हुनेछ । भारतसंग हालै भएको संझौताबाट नेपाली औद्योगिक वस्तु भारतमा निकासी गर्न बढी सुविधा पाएको परिप्रेक्षमा नेपालमा नयां उद्योगहरु स्थापना भई भारत तथा तेस्रो मुलुकमा हुने निर्यातमा वृद्धिको पनि आशा गर्न सकिन्छ । दुई देश बीच वा नेपाल, भारत र अर्को तेस्रो मुलुकका उद्यमीहरु मिली संयुक्त लगानीमा उद्योगहरुको स्थापना हुन सक्ने सभावना पनि बढ्ने छ । व्यापारको क्षेत्रमा रहेको नकारात्मक प्रवृत्तिलाई निरुत्साहित गर्ने श्री ५ को सरकारको नीतिबाट पनि निजी क्षेत्रको उद्यमशीलता र पूंजीलाई औद्योगिक गतिविधिमा प्रवाहित गर्न सघाउ पुग्नेछ ।

**सर्वसाधारणले भोग्नु परेको कठिनार्य सकभर कम गर्ने**

२०. पंचायतकाल भरी व्याप्त अक्षमता र फजुल खर्चिपनबाट थुप्रिएको नकारात्मक असर र झन विगत १५ महिनासम्म नेमपाल भारतबीच व्यापार तथा पारवहनमा उत्पन्न गतिरोधले गर्दा आर्थिक गतिविधि अस्तव्यस्त भै जन जीवन कष्टप्रद हुन पुग्यो । खास गरी अत्यावश्यक वस्तुहरुको अभाव र तिनको मूल्यमा आएको अप्रत्याशीत वृद्धिले बहुसंख्यक जनतालाई पिरोल्यो । यी जल्दाबल्दा दैनिक समस्याको समाधान आज जनताले आफ्नो सरकारसंग खोजी रहेकोक छ । यो कुरा हामीले बुझेका छौं, र वास्तवमा यसै अनुरुप केही महत्वपूर्ण कदमहरु लिइसकेका छौं । हाल केही समय यता भारतसंग सम्बन्ध सुधिएकोले जनआन्दोलनको परिणामले पनि निश्चित दिशा लिइसकेकोले आर्थिक क्रियाकलाप र जनजीवन सामान्यकरण हुन थालेको छ । खास गरी विभिन्न नाकाहरु खुलेकाले दैनिक आवश्यकताका सामानहरु सुगमरुपले पाइन थालेको देखिन्छ । भारतबाट आउने सामान अझ बढी व्यवस्थित र सहज हुने क्रम जारी छ । त्यसैले जहांसम्म सामान सुलभताको प्रश्न छ यो केही समयभित्र सुल्झिने विश्वास लिइएको छ ।

२१. तर हाम्रो मूल समस्या सामानहरुको अभाव मात्र हटाउनु नभई आपूर्तिसंग प्रत्यक्ष सरोकार राख्ने मूल्यवृद्धिलाई नियन्त्रण गर्नु हो । यही समस्या समाधानबाट नै देशलाई समग्र रुपमा "राहत" पुऱ्याउन सकिने मेरो विचार छ । नेपाल भारतबीच राम्रो सु–सम्बन्धमा पुनर्स्थापना पश्चात पनि मूल्य स्थितिमा सुधार आउन नसकेको सन्दर्भमा मैले आगामी वर्षको बजेटमा मूल्य नियन्त्रणका लागि विशेष प्रयत्न गरेको छु ।

२२. मूल्य वृद्धि वा मुद्रा स्फिति एक जटिल विषय भएकोले यसको समाधानका लागि मूल्य वृद्धिको प्रक्रिया र यसको आन्तरिक र वाह्य घटना र गतिविधिसंगको अन्तरसम्बन्धका साथै यस समस्याको समाधानका विधिहरुको सापेक्षिक प्रभावकारिता र हाम्रो आफ्नो क्षमता वारे स्पष्ट वोध हुनु आवश्यक छ । यिनै कुराहरुको विश्लेषण गर्दा मेरो विचारमा यस समस्यासंग जुझ्न समष्टी रुपले विभिन्न उपायहरुको मिश्रणद्वारा उच्चस्तरमा निरन्तर प्रयास जारी राख्नु पर्ने देखिन्छ ।

२३. सरकारको नीतिले पनि मूल्यको परिवर्तनलाई प्रभावित गर्दछ । खासगरी अनियन्त्रित खर्च, बढ्दो सरकारी घाटा र त्यसबाट हुने मुद्रा प्रदायमा वृद्धि मूल्य वृद्धिका प्रमुख कारक भै आएका छन् । यसै तथ्यलाई मध्ये नजर राखी मैले आगामी वर्षको बजेट तर्जुमा गर्दा सांवा व्याज भुक्तानीको बढ्दो भार, निर्वाचनको खर्च, सरकारी संस्थानहरुको बढ्दै गएको भाखा नाघेको ऋण क्रमशः चुक्ता गर्ने आदि दायित्वको वावजूद सरकारी खर्च न्यूनतम राख्ने प्रयास गरेको छु । मूल्य वृद्धि नियन्त्रण गरी जनतालाई राहत पुऱ्याउने एक मुख्य उद्देश्य भएको यस बजेटमा घाटालाई न्यूनतम सीमाभित्र राखी सो घाटा पूर्ति गर्ने माध्यम पनि मुद्रा प्रदाय र मूल्यमा प्रतिकूल असर नपर्ने गरी बढी भन्दा बढी रकम गैह्र बैंकिङ्ग क्षेत्रबाट ऋण लिने नीति अङ्गालेको छु ।

२४. बचत परिचालन आगामी वर्षको बजेट नीतिको एक मुख्य स्तम्भ रहेको छ । यस नीतिबाट गार्हस्थ बचत वृद्धि भै लगानी वृद्धिमा अनुकूल प्रभाव पर्ने कुरा त छँदैछ साथै उपभोग्य वस्तुको मागको चापलाई नियन्त्रण गरी मूल्यमा समेत सकारात्मक प्रभाव पर्नेछ । बचत वृद्धिका निमित्त अपनाइने प्रमुख उपायहरु मध्ये एक "नागरिक लगानी कोष" को स्थापना हुनेछ । यस कोषमा स्वदेश र विदेशमा बस्ने सबै नेपालीहरुलाई बचत गर्न प्रोत्साहित गरिनेछ । भरखरै प्रजातन्त्रको उदय भएको मुलुकमा राष्ट्र निर्माणको काममा सघाउ पुऱ्याउँदै प्रजातन्त्रलाई पनि सुदृढ बनाउँदै लाने कार्यमा योगदान पुऱ्याउने यो एउटा उत्तम माध्यम हुनेछ । प्रत्येक सरकारी कर्मचारी र सरकारी संस्थानका कर्मचारीहरुले पाउने पारिश्रमिकको र अरु निकाय वा व्यक्तिहरुले आफूले पाउने भुक्तानी रकमको निश्चित प्रतिशत यस कोषमा दाखिल गर्नु पर्नेछ । चालू आर्थिक वर्षदेखिनै कोषमा रकम दाखिल गर्ने बचत कर्ताहरुलाई राम्रो व्याज दिई निजहरुको बचतको कदर गर्दै हाल परित्याग गरको उपभोगको अंशबाट भविष्यमा आ–आफ्नो परिवारको कल्याण र सुरक्षामा अभिवृद्धि गर्न सघाउ पुऱ्याइने छ । यस कोष सम्बन्धी कानूनी प्रावधान र संस्थागत व्यवस्था चांडैनै जनसमक्ष ल्याइने छ । सो नभएसम्मको लागि नेपाल राष्ट्र वैंकले यसको व्यवस्था गर्ने छ । यस प्रकारको बचतमा हुने आर्जनमा आयकर लाग्ने छैन ।

२५. मूल्य वृद्धिबाट खास गरी निश्चित आय भएका वर्गहरुलाई बढी मर्का पर्ने गर्दछ । यस समुदायमा सरकार, सरकारी संस्थान र गैह्र सरकारी क्षेत्रकै पनि कर्मचारीहरु र श्रमिक वर्ग प्रमुख रुपले पर्दछन् । सरकारी कर्मचारी र संस्थानका कर्मचारीहरुले तलव वृद्धिको लागि गर्दै आएको माग यस परिप्रेक्षमा नाजायज भन्न मिल्दैन । तर बहुसंख्यक जनता अर्ध वेरोजगारी वा वेरोजगारीको अवस्थामा दिन गुजारा गरिरहनु परेको अवस्था र बहुसंख्या कृषहरुकै आय पनि निजहरुले बजारबाट किन्नु पर्ने बढ्दो वस्तुको भाउको तुलनामा स्थीर आय सरह हुने परिस्थितिमा बजेटमा लिइने कदमले बहुसंख्यक नेपाली जनतालाई के कस्तो असर पर्दछ त्यसमा ध्यान दिनु नितान्त आवश्यक छ । अनियन्त्रित बजेट घाटाको माध्यमबाट बढाइने तलव सुविधाले केही कर्मचारीलाई तत्कालिक र देखावटी रुपमा केही राहत मिल्ला तर त्यसबाट हुन सक्ने अनियन्त्रित मूल्य वृद्धिबाट यथार्थ क्रयशक्ति नबढ्ने हुंदा जन समुदाय मात्र होइन कि कर्मचारी वर्गलाई पनि पुनः मार पर्न जानेछ । तसर्थ आगामी वर्षको बजेटमा कर्मचारीहरुको तलव वृद्धिको प्रस्ताव गर्दा पनि मैले मूल्य वृद्धि र सर्वसाधारणले पाउनु पर्ने राहतको प्रश्नलाई नै नजर राखेको छु ।

२६ बजेटमा निहित राजस्व नीतिको एक मुख्य अङ्ग पनि सर्वसाधारणले पाउनु पर्ने राहतको प्रश्नबाटै निर्देशित छ । यस सम्बन्धमा चुंगीकर ठेक्कामा दिने र चन्दा संकलन गर्ने प्रथालाई खारेज गरिएको, डि.आर.पी. अन्तर्गत भारतबाट आउने सामानलाई प्रोत्साहीत गरिएको र मूल्यमा प्रत्यक्ष असर पर्ने भंसार महसूल, अन्तःशुल्क र विक्रीकरहरु केही वस्तुहरुमा छूट दिने र केहीमा दर घटाउने व्यवस्था गरिएको छ । तर यहांनेर विचारणीय के छ भने नेपाल भारत बीच समझदारी कायम भएपछि जुन वस्तुहरुमा जति भन्सार महसूल घट्यो ती वस्तुहरुको मूल्य त्यही अनुपातमा घट्नु पर्ने अर्थतन्त्रको सामान्य सिद्वान्त व्यवहारमा लागू भएको आभाष मिलेको छैन । यसो हुनुमा आपूर्ति प्रक्रियामा विलम्ब भएको हुन सक्छ, अथवा पूर्वस्थितिमा कर चुहावटको वाहुल्यताले गर्दा यथार्थमा महसूल दर नघटेको हुन सक्छ , वा आपूर्ति प्रक्रियामै केही कमजोरी या अवरोध अझै कायम रहेको हुन सक्छ । यहां म के दोहोऱ्याउन चाहन्छु भने भारतसंग भएको व्यापार समझदारी र यस बजेटमा अङ्गालिएका मूल्य कम गर्ने उपायहरुको वावजूद मूल्यमा अपेक्षित किसिमबाट सुधार नआएमा श्री ५ को सरकार चुप लागेर बस्ने छैन । वस्तुहरुको मूल्यको कडा किसिमले अनुगमन गरिने छ । साथै उपभोक्ता प्रतिनिधिहरुलाई समेत परिचालन गरेर सम्बन्धित व्यापारिक क्षेत्रको पनि प्रतिनिधित्व हुने गरी एक " मूल्य अनुगमन तथा नियन्त्रण समिति" गठन गरिनेछ जस्को मुख्य अभिभारा अध्ययन वा प्रतिवेदन दिने कार्य नभई वास्तवमा मुल्य घट्नु पर्ने अवस्थामा नघटेमा नैतिक एवं प्रशासकीय दवाव दिनु हुनेछ । आशा छ व्यापारिक क्षेत्रबाट मूल्य सम्बन्धमा उत्तरदायित्वपूर्ण कार्य तुरुन्त हुन थाल्ने छ र सरकारले प्रशासनिक यन्त्रको उपयोग गर्नु पर्ने छैन ।

२७. वास्तवमा, महंगी र अभाव जुझ्ने प्रभावकारी साधन उत्पादनशील रोजगारी र क्रय शमिक्तको वृद्धि नै हो । त्यसैले मैले राष्ट्रिय लगानीमा र खासगरी ग्रामीण क्षेत्रमा प्रभाहित हुने सरकारी श्रोत र साधनमा कमी हुन नदिन विशेष प्रयत्न गरेको छु। संस्थागत भैसकेको भ्रष्टाचारमा अब आउने कमीबाट पनि जनतालाई केही राहत मिल्ने मैले आशा गरेको छु।

**विगतदेखिका सरकारी वित्तिय दायित्वहरु छिनोफानो गर्ने**

२८. उपर्युक्त नीतिहरुको अवलम्बनबाट रोजगारीमुलक र उत्पादनशील कृषि र औद्योगिक क्षेत्रको विकासको निम्ति उपयुक्त वातावरणको सृजना हुनेछ र साधारण उपभोक्ता समेत विपन्न वर्गमा पर्ने नेपाली जनसमुदायले पनि राहत र सुविधाको अनुभव गर्न पाउने छन् । तर मैले अघि नै भने जस्तो यस बजेट पछाडिको मूल अवधारणा भावी सरकारलाई वृहत् र न्यायसंगत रुपमा आर्थिक विकासको थालनी गर्न मद्दत पुऱ्याउनु नै हो । यसको निम्ति भर्खर वर्णन गरिए अनुरुप नीतिगत सुधारको अतिरिक्त केही वित्तिय दायित्वहरुको समस्या पनि समाधान गर्नु छ । वाणिज्य बैंकहरुको सरकारी संस्थानहरु माथिको बढ्दो दावी, अरु शंकास्पद ऋण आदिबाट सृजित र प्रजातान्त्रिक सरकार माथि सर्न आएको अभिभारा हामीले वहन नगरी नहुने अवस्था छ । विगत सरकारबाट सरी आएको दायित्वहरु मध्ये रु.३९ करोड अन्तरिम सरकार गठन भएपछि भुक्तानी भएको छ। आगामी वर्षमा पनि यस्तै दायित्वहरुको भुक्तानी गर्नको निमित्त पर्याप्त रकमको व्यवस्था गर्नु परेको छ।

**आर्थिक वर्ष २०४५।४६ को यथार्थ आय–व्यय र २०४६।४७ को संशोधित अनुमान**

२९. आगामी आर्थिक वर्षको आय–व्ययको विवरण प्रस्तुत गर्नु भन्दा अगाडि आर्थिक वर्ष २०४५।४६ को यथार्थ आय–व्यय विवरण र चालू आर्थिक वर्ष २०४६।४७ को संशोधित आय–व्यय विवरण पेश गर्दछु।

३०. आर्थिक वर्ष २०४५।४६ मा यथार्थ कूल खर्च रु.१८ अरब ४९ लाख भएको छ, जसमा साधारण तर्फ रु.५ अरब ६७ करोड ६२ लाख र विकास तर्फ रु.१२ अरब ३२ करोड ८७ लाख भएको छ।

३१. आर्थिक वर्ष २०४५।४६ मा यथार्थ राजस्व संकलन रु.७ अरब ७७ करोड ६८ लाख, विदेशी सहायता तर्फ अनुदान रु.१ अरब ६८ करोड ६ लाख र विदेशी ऋण रु.५ अरब ६६ करोड ६४ लाख प्राप्त भएको छ। आर्थिक वर्ष २०४५।४६ मा बैंकिङ्ग र गैर बैंकिंङ्ग क्षेत्रमा गरी कूल आन्तरिक ऋण रु.१ अरब ३३ करोड बराबरको रकम उठाइएको छ। यसरी नपुग हुन आउने रकम रु.१ अरब ५५ करोड ११ लाख नगद मौज्दातमा न्यून गरी व्यहोरिएको छ।

३२. चालू आर्थिक वर्ष २०४६।४७ मा पूरक बजेट समेत गरी साधारण तर्फ रु.७ अरब १५ करोड ३७ लाख खर्च हुने अनुमान गरिएकोमा रु.६ अरब ७६ करोड ८९ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। विकास तर्फ रु.१३ अरब ७८ करोड ८३ लाख खर्च हुने अनुमान रहेकोमा रु.११ अरब ८९ करोड ६४ लाख खर्च हुने संशोधित अनुमान छ। यसरी कूल खर्च रु.२० अरब ९४ करोड २० लाख खर्च हुने अनुमान गरिएकोमा रु.१९ अरब ६६ करोड ५३ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ।

३३. चालू आर्थिक वर्ष २०४६।४७ मा राजस्वतर्फ रु.८ अरब ५० करोड ६ लाख संकलन हुने अनुमान रहेकोमा रु.९ अरब ३ करोड ६२ लाख प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदान अन्तर्गत रु.२ अरब २२ करोड ४० लाख उपलव्ध हुने अनुमान गरिएकोमा रु.१ अरब ८२ करोड ८६ लाख प्राप्त हुने संशोधित अनुमान छ। यस्तै विदेशी ऋण रु.७ अरब ७६ करोड ७४ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.६ अरब ५ करोड ४ लाख उपलव्ध हुने संशोधित अनुमान छ। यसरी नपुग हुन आउने रु.१ अरब ७५ करोड आन्तरीक ऋण लिई व्यहोरिएको छ। यस मध्ये रु.७० करोड गैर बैंकिङ्ग क्षेत्रबाट रु.१०५ करोड बैंकिङ्ग क्षेत्रबाट उठ्ती गरिएको छ।

**आगामी वर्षको सरकारी खर्च**

३४. मैले अघि उल्लेख गरे बमोजिम देशको बिग्रंदो अर्थ व्यवस्थामा स्थिरता कायम गरी विकास क्रमलाई गति दिनु तथा मूल्य वृद्धिको भारलाई कम गरी जनतालाई राहत दिनु अति आवश्यक भएको हुंदा साधारण तथा विकास खर्चलाई वान्छित सीमाभित्र राख्ने प्रयास गरेको छु । आगामी वर्षको लागि सरकारी कूल खर्च जम्मा रु.१९ अरब ७९ करोड १७ लाख छुट्याएको छ। यो चालू वर्षको बजेट अनुमानको तुलनामा करीब २.२ प्रतिशत घटी छ। सांवा व्याज वापतको थप दायित्व, कर्मचारीको तलव वृद्धिको थप दायित्व र अरु यस्तै खर्चकोलाई कटाई हेर्ने हो भने आगामी वर्षको अनुमान चालू वर्षको अनुमान भन्दा १३ प्रतिशतले कम हुन आउंछ।

३५. आगामी आर्थिक वर्षको लागि साधारण तर्फ रु. ७ अरब ४६ करोड ५० लाख र विकास तर्फ रु. १२ अरब ३२ करोड ६८ लाख छुट्याइएको छ। यो चालू वर्षको अनुमानको दांजोमा क्रमशः १२.२ प्रतिशत बढी र ९.३ प्रतिशत घटी छ।

३६. साधारण तर्फ मुख्यतया नभइ नहुने सालबसाली खर्चहरु पर्ने हुंदा यसमा कटौती गर्ने त्यति गुन्जायस छैन । निर्वाचन खर्च, सांवा तथा व्याज भुक्तानी, वैदेशिक सेवा र कारागार तर्फको खर्च वाहेक अन्य साधारण खर्चमा खास वृद्धि गरिएको छैन । वैदेशिक सेवाको लागि रु.१८ करोड ७९ लाख राखिएको छ । वैदेशिक सेवाको खर्चमा भएको वृद्धि मुख्यतया विदेशी विनिमय दरमा भएको परिवर्तनले गर्दा हो । सांवा तथा व्याज भुक्तानीको खर्च पनि तिव्ररुपले वृद्धि हुंदै गएको छ र यो रकम चालू वर्षको बजेट अनुमानको तुलनामा १०.६ प्रतिशतले वृद्धि भै आगामी वर्षमा रु.२ अरब ३० करोड ८१ लाख हुने अनुमान छ ।

३७. नेपालमा कारागारको अवस्था ज्यादै दयनीय भएको र वन्दीहरुलाई दिई आएको सुविधा ज्यादै न्यून रहेको छ। । प्रजातान्त्रिक मान्यता तथा मानवअधिकारको दृष्टिकोणबाट यसमा सुधार हुनु पर्ने देखिएकोले कारगार को भौतिक अवस्थामा क्रमिक रुपले सुधार गर्दै लान र वन्दीहरुले दैनिक जीवन निर्वाह गर्न पाई आएको नगद सुविधामा शत प्रतिशत बढाउनको लागि कारागार शीर्षकमा रु.७ करोड २१ लाख व्यवस्था गरिएको छ । यो चालू वर्षको अनुमानित रकम भन्दा ३९ प्रतिशत बढी  छ ।

३८. विकास तर्फ कूल बजेट रकम मध्ये आर्थिक सेवाको लागि रु. ७ अरब ४८ करोड ४८ लाख र सामाजिक सेवाको लागि रु. ३ अरब ८७ करोड ३९ लाख छुट्याइएको छ । आर्थिक सेवातर्फ कूल बजेट रकमको १८.७ प्रतिशत कृषि तथा सिंचाईको लागि ६.७ प्रतिशत, उद्योगको लागि १४.९ प्रतिशत यातायात तथा संचारको लागि १०.७ प्रतिशत विद्युतको लागि र ४.६ प्रतिशत अन्य आर्थिक सेवाहरुको लागि छुट्याइएको छ । सामाजिक सेवातर्फ शिक्षाको लागि कूल बजेट रकमको १४ प्रतिशत र स्वास्थ्यको निम्ति ४ प्रतिशत छुट्याइएको छ। "ग्रामीण स्वावलम्बन विकास कोष " को निम्ति रु. १ करोड राखिएको छ । कृषकहरुलाई दिइने व्याज अनुदानको लागि रु. ५ करोड ५५ लाख र रासायनिक मलको लागि रु ३० करोड अनुदान बजेटमा समावेश गरिएको छ ।

३९. विकास बजेटमा खर्चको बांडफांड गर्दा अनुत्पादक वा आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट संभाव्य नहुने खालका आयोजनाहरुको पुनरावलोकन गरिएको छ । यस अनुसार केही आयोजनाहरु हटाइएको छ भने सुनसरी मोरंग, नारायणी सिंचाई तथा पूर्व राप्ती सिंचाई, एकीकृत ग्रामीण विकास जस्ता विदेशी सहायताबाट संचालित आयोजनाहरु आर्थिक तथा प्राविधिक दृष्टिकोणले पुनः विश्लेषण गरी ६ महिनाभित्र कुन रुपबाट संचालन गर्ने भन्ने निर्णय दिइने  छ । यस्ता आयोजनाहरुमा न्यूनतम रकम मात्र बजेटमा समावेश गरिएको छ ।

४०. विभिन्न आयोजना तथा कार्यक्रमहरुमा छुट्याइएको रकम दुरुपयोग नहोस तथा अनावश्यक सुविधाहरुमा खर्च गर्ने प्रवृत्तिले प्रश्रय नपाओस् भन्ने दृष्टिकोण राखी बजेट रकम निर्धारण गरिएको छ । यस अनुरुप भ्रमण भत्ता, आर्थिक सहायता चन्दा तथा पुरस्कार र भैपरी आउने कामको लागि आवश्यकताको आधारमा मात्र रकम छुट्याइएको छ भने मोटर तथा अन्य वाहन खरीद, भवन निर्माण, जग्गा खरीद, फर्निचर र मेशिनरी तथा औजार खरीदमा नियन्त्रण गरिएको छ ।

४१. २०४७ बैशाख १ गतेदेखि लागू हुने गरी अतिरिक्त सचिव राजपत्रांकित प्रथम श्रेणीसम्मको कर्मचारीहरुको तलव वृद्धि गरेको छु । सबै भन्दा तल्लो तहको कर्मचारीलाई ३९.१ प्रतिशत र माथिल्लो हरको कर्मचारीमा अतिरिक्त सचिवलाई ९.२ प्रतिशतले तलव वृद्धि गरेको छु । अतिरिक्त सचिवभन्दा माथिका पदाधिकारीहरुको तलव वृद्धि हुने छैन । तलव वृद्धिबाट श्री ५ को सरकारलाई रु. १ अरब ३७ करोड थप व्यय भार पर्न आएको छ । बढ्दो महंगीले गर्दा निवृत्त कर्मचारीहरुलाई पनि जीवन निर्वाह गर्न कठीन भइरहेको अवस्थामा निजहरुले पाउने न्यूनतम निवृत्तभरण समान पदको शुरु तलवमानको ५० प्रतिशत हुने व्यवस्था मिलाएको छु ।

४२. सरकारले जमानत बसी संस्थानहरुलाई वाणिज्य बैंकहरुबाट उपलब्ध गराएको ऋण संस्थानहरुले तिर्न नसकेकोले सरकार माथि आइ परेको दायित्व क्रमिकरुपले चुक्ता गर्दै जाने उद्देश्यले आगामी वर्ष रु.२६ करोड वाणिज्य बैंकहरुलाई तिर्न छुट्याइएको छ । त्यस्तै वाणिज्य बैंकहरुको पूंजीकरणका लागि रु.१० करोड छुट्याइएको छ । संस्थानहरु मध्ये धेरैजसो अझ पनि सरकारको निम्ति साधनको स्रोतभन्दा आर्थिक भार भएको कुरा सर्वविदित छ । संधै नोक्सान रहने संस्थानहरुको घाटा आदि वापत सरकारमा सर्न आउने दायित्वको रकम अझ धेरै बांकी छ । यस्तो दायित्व निरन्तर बढी रहन दिन वान्छनीय नभएको र संस्थान तथा संस्थानका कर्मचारीहरुको हितको निम्ति पनि कुनै संस्थान कायम राख्ने वा नराख्ने भन्ने कुरादेखि धेरै संस्थानहरुको संचालन र व्यवस्थापनमा आमूल परिवर्तनको आवश्यकता देखिसकेको छ । कतिवटा संस्थानहरुको व्यवस्थापनमा जुन किसिमको दक्षतामा कमी, आर्थिक अनियमितता र अनुशासन हिनताका समस्याहरु छन्, त्यसलाई दृष्टिगत गर्दा संस्थानको संचालक समितिहरुमा सरकार बाहिरका विशेषज्ञ र प्रतिष्ठित व्यक्तिहरुको चयन गर्ने नीति आवश्यक देखिन्छ । यी सब कुराहरु बारे सरकारले छिट्टै निर्णय लिई सार्वजनिक संस्थानहरुको व्यवस्थापन र वित्तिय स्थितिमा सुधार ल्याई भविष्यमा दायित्व बढ्न दिने छैन ।

४३. यसरी आगामी वर्षका लागि साधारण र विकासमा गरी जम्मा रु.१९ अरब ७९ करोड १७ लाख विनियोजन गरेको  छु । यस मध्ये राजस्वको वर्तमान श्रोतबाट ९ अरब ६३ करोड १७ लाख र वैदेशिक ऋण तथा अनुदान गरी जम्मा रु.८ अरब २ करोड १५ लाख व्यहोर्ने भई बांकी रु.१ अरब ६४ करोड १९ लाख न्यून रहने छ ।

## आगामी वर्षको आय

४४. देशको दिशाहीन अर्थ व्यवस्थालाई समष्टिरुपमा सुधार गर्नु पर्ने आजको टड्कारो आवश्यकतालाई मध्यनजर राखी माथि प्रतिपादित गरिएको आर्थिक नीति र उद्देश्यको परिपूर्तितर्फ लाग्न राजस्व नीतिमा पनि केही सुधारात्मक कदमहरु चाल्ने प्रस्ताव गरेको छु।

४५ सर्वप्रथम, यदी विकास र आर्थिक सुधारमा योगदान पुऱ्याउने हो भने कर सम्बन्धी प्रस्तावहरु गर्नु अघि राजस्व नीतिको उद्देश्यहरु स्पष्ट रुपमा निर्धारण हुन आवश्यक छ। यी उद्देश्यहरुको निर्धारण गर्दा राजस्व नीतिलाई समष्टिगत आर्थिक नीतिको परिपोषकको रुपमा चयन गर्नु पर्छ।

४६. राजस्व नीतिको उद्देश्यहरु निम्न बमोजिम रहने छन् :

क. सर्वसाधारण जनतालाई उपभोग्य वस्तुको मूल्यमा राहत पुऱ्याउने:
ख. स्वदेशी कच्चा पदार्थमा आधारित वा स्वदेशी मूल्य अभिवृद्धिका साथै रोजगारीमा विस्तार गर्ने उद्योगहरुलाई प्रोत्साहन दिने,
ग. लगानीकर्तालाई संगठित रुपमा उद्योग तथा व्यापार क्षेत्रमा उन्मूख गराउने तथा बचत परिचालनमा प्रोत्साहन गर्ने,
घ. समाजमा बढ्दो आर्थिक असमानताको सन्दर्भमा प्रत्यक्ष करको दायरा बढाउने र गैरकानूनी तरिकाबाट सम्पत्ति बटुल्ने जस्ता समाज विरोधी कृयाकलापलाई निरुत्साहित गर्ने र
ङ. राजस्व परिचालन गर्ने।

## सर्वसाधारणलाई राहत पुऱ्याउने प्रस्तावहरु

४७. हालको बढ्दो महंगीको चापबाट उपभोक्ताहरुलाई केही राहत होस् भन्ने उद्देश्यले गरिएको मौद्रिक नीतिसंग सम्बन्धित उपायहरु मैले माथि नै उल्लेख गरी सकें। राजस्वमा केही नोक्सानी सहेर पनि उपभोक्तालाई अरु थप राहत पुऱ्याउन केही अत्यावश्यक उपभोग्य वस्तुहरुमा भंसार, अन्तःशुल्क जस्ता करहरु घटाउने वा हटाउने प्रस्ताव गर्नुका साथै सीमित आय भएका व्यक्तिहरुलाई राहत पुऱ्याउन र कर छल्ने प्रवृत्ति नियन्त्रण गर्न आयकरको छुटको सीमा तथा दरहरुमा समेत केही परिवर्तन गर्ने प्रस्ताव गरेको छु। यस क्रममा भन्सार तर्फ कोइला तथा दाल जस्ता अत्यावश्यक वस्तुहरुमा लागी आएको सम्पूर्ण भन्सार माफ गरिएको छ। शिशु आहार, जिरा, मरिच, सूती कपडा, सूती कम्बल तथा चादर, तौलिया, चुरा, टीका, पोते, औषधी, स्टोभ, फलामका मालसामान, आल्मोनियमका भांडा, ट्यूववेल, पम्प, लाल्टिन जस्ता वस्तुमा भन्सार महसूल साविक दरभन्दा करीब ३३ प्रतिशतदेखि ५० प्रतिशतसम्मले तुरुन्त लागू हुने गरी घटाएको छु।

४८. यस्तै अन्तःशुल्क तर्फ खाद्य प्रशोधित तेलको अतिरिक्त निर्माण सामग्रीहरु जस्तै फलामका डन्डी, पाता र टोरस्टील डन्डी, मेटल कन्टेनर, सिमेन्ट तथा इटा जस्ता वस्तुहरुमा हाल लागी आएको अन्तःशुल्क दरमा १० देखि ५० प्रतिशतसम्मले तुरुन्त लागू हुने गरी घटाएको छु।

४९. क्यालेण्डर, पोष्टर र व्यापार विज्ञापनको लागि छापिएको वस्तुहरु तथा न्यूज प्रिन्टमा हाल ५ प्रतिशतको दरले विक्री कर लागी आएकोमा माफी गरेको छु।

५०. चुंगीकर तर्फ ठेक्का लगाई उठाउने परिपाटीबाट अधिराज्यभित्र हुने ढुवानीमा पर्न गएको वाधा तथा ठेकेदारले मनमानी ढंगबाट उठाउनेयस्ता करबाट उपभोक्तामा पर्न गइरहेको भार समेतलाई विचार गरी ठेक्का लगाउने प्रथा खारेज गरी यसलाई व्यवस्थित ढंगबाट संचालन गर्न नगरपालिकाहरुले आफैंले यस्ता कर उठाउने व्यवस्था गरिने छ। नगरपालिका वाहेक अरु स्थानीय निकायहरुले यस्तो कर लगाउन पाउने छैनन्।

५१. विगत केही वर्षदेखि लागू भएको पैठारीको अवस्थामा अग्रिम आयकर वापत ५ प्रतिशत धरौटी राख्नु पर्ने व्यवस्थाबाट पैठारीकर्ताले एकमुष्ट रकम धरौटी राख्नु पर्ने हुंदा यसबाट अनावश्यक झंझटका साथै यसरी प्रत्यक्ष करलाई अप्रत्यक्ष कर सरह व्यवहार गर्दा मूल्यमा समेत चाप पर्न गएको व्यवहारमा देखिएकोले अग्रिम आयकर धरौटी व्यवस्था खारेज गरेको छु।

५२. गत वर्ष डिजेलको विक्री मूल्य वृद्धि भै यातायात तथा ढुवानी खर्च बढ्न गएको कारणले बजार भाउ बढ्न गई सर्वसाधारणलाई मर्का पर्न गएको कुरा सर्वविदितै छ। यस मर्कालाई कम गरी राहत प्रदान गर्न नेपाल आयाल निगमले आफ्नै तर्फबाट घटाउने मूल्यमा अरु थप राहत् पुगोस् भन्ने हेतुले डिजेलमा लाग्ने भंसार महसूलमा रु.४८० प्रति किलो लिटर घटाएको छु। डिजेलको विक्री मूल्यमा हुने कमीबाट बस भाडाका साथै ट्रक आदिको ढुवानी खर्च घट्न गै जनतालाई सुविस्ता हुने विश्वास गरेको छु।

५३. निश्चित आयमा भर पर्नु पर्ने व्यक्तिहरुलाई मूल्य वृद्धिबाट ठूलो चाप पर्न गएको तर विगत ६ वर्षदेखि आयकर छुटको सीमामा कुनै परिवर्तन नगरिएको परिप्रेक्षमा आयकर छुटको सीमा वृद्धि गरी अविवाहित व्यक्तिलाई वार्षिक रु.२०,००० र

दम्पत्ति तथा परिवारलाई वार्षिक रु.३०,००० सम्म छुट दिने प्रस्ताव गरेको छु । यसका साथै आयकर दरलाई सरल गरी व्यक्ति र दम्पत्ति तथा परिवारलाई छुट पछि रकममा (क) बमोजिम र अस्थायी वासिन्दा, सांझेदारी फर्म, प्रा.लि. कम्पनी र संस्थाहरुलाई (ख) बमोजिमको दरवन्दी लागू गर्न प्रस्ताव गरेको छु । साझेदारी फर्म, प्रा.लि. कम्पनी, संस्थाहरुका साथै अस्थायी बासिन्दाहरुको आयमा कुनै छुट दिइने छैन । अस्थायी बासिन्दाहरुको आयमा हाल लागी आएको १२ प्रतिशत थप करको व्यवस्थालाई यथावत राखेको छु ।

| वार्षिक आय | (क) | (ख) |
|---|---|---|
| पहिलो रु. १०,००० मा | १५% | २०% |
| त्यसपछिको रु. १५,००० मा | २५% | ३०% |
| त्यसपछिको रु. २०,००० मा | ३५% | ३५% |
| त्यसपछिको रु. २५,००० मा | ४०% | ४०% |
| त्यसपछिको रु. ३०,००० मा | ४५% | ४५% |
| र त्यसपछिको जतिसुकै भएपनि | ५०% | ५०% |

५४. साथै सरकारी संस्थान र सूचिकृत कम्पनीको आयमा हाल लागी आएको ४० प्रतिशत आयकर र पारिश्रमिक करदातालाई तोकिएको हालको उच्चतम दर ४० प्रतिशत यथावत राखेको छु । पाश्रिमिक आयको खूद आय निर्धारण गर्दा कर्मचारी संचयकोष कट्टी गरी बांकी रहने रकममा अन्य खर्च वापत १५ प्रतिशत वा ५ हजार रुपैयां मध्ये जुन घटि हुन्छ सो रकम छुट दिइने छ ।

५५. आफ्नो कारोवारको हिसाव किताव राख्न नसक्ने स–साना करदताहरुको आयकर निर्धारण समितिबाट गर्दा हालसम्म खूद आय सीमा वार्षिक चालिस हजार रुपैयां भएकोमा सो बढाई साठी हजार रुपैयां कायम गरेको छु ।

५६. सूचिकृत पव्लिक लिमिटेड कम्पनीको रुपमा स्थापित उद्योगबाट प्राप्त हुने लाभांशमा कर नलाग्ने तर अन्य सूचिकृत कम्पनीको हकमा भने व्यक्तिले पाएको लाभांशमा ८५ प्रतिशत छुट दिई बाँकी १५ प्रतिशत खूद आय मानी आयकर लगाउने गरिएकोले शेयर लगानी निरुत्साहित भै पूंजी बजारको विकासमा समेत अवरोध आएको देखिएकोले सम्पूर्ण लाभांशमा आयकर नलाग्ने व्यवस्था गरेको छु । यसबाट लगानीकर्ताहरुमा वैकल्पिक लगानी प्रति आकर्षण बढ्न गै पूंजीबजारको विकासमा सघाउ पुग्ने विश्वास गरेको छु ।

५७. भारतबाट पैठारी हुने मालसामान डि.आर.पि.अन्तर्गत पैठारी हुँदा लागेको भारतीय अन्तःशुल्क फिर्ता हुने र यसरी भारतीय अन्तःशुल्क फिर्ता हुन जाँदा पैठारी हुने अधिकांश वस्तुको भन्सार महसूल लाग्दै नलाग्ने र लागे पनि निकै नै कम भन्सार महशुल तिर्नु पर्ने भएबाट माल वस्तुको मूल्यमा कमी भै आम जनतालाई राहत पुग्न जोछ । यसर्थ व्यापारी वर्गलाई यस व्यवस्था अन्तर्गत माल वस्तु पैठारी गरी मूल्य कम गरी जनतालाई सुविधा पुऱ्याउन आव्हान गर्दछु ।

**औद्योगिक प्रवर्धन तथा संरक्षण प्रस्तावहरु**

५८. औद्योगिक प्रवर्धन तथा संरक्षणको नाममा विगतमा प्रचलित औद्योगिक नीति तथा राजश्व नीतिहरुमा समय समयमा संशोधन तथा परिवर्तनहरु भएको देखिन्छ । तर यी नीतिगत संशोधन तथा परिवर्तनहरुका उद्देश्य लेखाइमा राम्रो देखिएता पनि व्यवहारमा भने विभिन्न अर्थ लाग्ने, कार्यान्वयनमा दुविधा पर्ने, सुविधा पाउनै पर्ने उद्योगले सुविधा लिन अदालतको शरणमा जानु पर्ने र सुविधा नपाउनेले पनि सुविधा पाउन सक्ने किसिमबाट ब्याख्या हुन सक्ने भैदिंदा यसबाट राजश्व संकलनमा वाधा, सुविधाको नामाम तस्करीमा बृद्धि तथा देशको लागि आवश्यक रोजगारी बृद्धि गर्ने र मूल्य अभिबृद्धिमा समेत योगदान हुन नसक्ने अवस्था छ । तसर्थ यस्ता विकृतिहरुलाई क्रमशः हटाउँदै लगी रोजगारी बृद्धि, मूल्य अभिबृद्धि का साथै लागत खर्च नियन्त्रण गर्न प्रोत्साहन, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको सम्बर्द्धन जस्ता कुराहरुलाई राजश्व नीतिको दोश्रो स्तम्भको रुपमा लिएको छु ।

५९. यस क्रममा स्वदेशी उत्पादनकर्तालाई बढी प्रतिस्पर्धात्मक बनाउन आफूले उत्पादन गरेका माल वस्तु अधिराज्यभित्रै परिवर्त्य विदेशी मुद्राको भुक्तानी पाउने गरी विक्री गरेको प्रमाण पेश गरेमा विक्री गरेको वस्तुमा अन्तःशुल्क तथा विक्रीकर नलाग्ने व्यवस्था कायमै राखेको छु ।

६०. धितो पत्र कारोवार ऐन २०४० र यस अन्तर्गत बनेको सूचिकरण नियमावली अनुरुप सेक्यूरिटी खरिद विक्री केन्द्रमा आफ्नो शेयर तथा सेक्युरिटीहरुलाई सूचिकरण गराउने संगठित संस्थाहरुलाई लाग्ने आयकरमा ५ प्रतिशत छुट दिई आएकोमा सो कायमै राखी शेयर पूँजीको कम्तिमा ३० प्रतिशत शेयर १०० वा सो भन्दा कम शेयर लिनेहरुको हातमा रहने गरी स्वाभित्व कायम राख्ने संस्थाहरुलाई थप ५ प्रतिशतका दरले आयकरमा छुट दिने प्रस्ताव गरेको छु । यस व्यवस्थाबाट कम्पनी तथा संस्थाहरुलाई सर्वसाधारणमा शेयर विक्री गरी संस्थाको स्वामित्वमा साना लगानी कर्ताहरुलाई प्रतिनिधित्व गराउन प्रोत्साहन मिल्ने विश्वास गरेको छु।

६१. घरघरमा कपडा बुन्ने तान राखी कपडा उत्पादन गरी स्वयम आफैले रोजगारी तथा आय आर्जन गर्ने कार्यलाई सुविधाजनक तुल्याउन त्यस्तो कपडा बुन्न आवश्यक पर्ने कच्चा पदार्थ सिन्थेटिक यार्नको पैठारी संस्थागत माध्यमबाट गर्न लगाई घरेलु उद्योगहरुलाई उपलब्ध गराउँदाको अवस्थामा नै अन्तःशुल्क बुझाउनु पर्ने व्यवस्था गरिएको छ । यो व्यवस्था घरेलु स्तरमा संचालित नाइलन होजियरी उद्योगलाई पनि लागु गरिने छ। यसबाट घरेलु उद्योगको विकासका साथै रोजगारी तथा आयमा बृद्धि हुने छ।

६२. संस्थागत माध्यमद्धारा घरेलु उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको रुपमा पैठारी हुने ग्रेनुयल्स, तामा, पितल, तार पन्नु, झन्गाट,पाताहरुमा लाग्ने अतिरिक्त भन्सार महसूलमा ८० प्रतिशत छुट दिई आएकोमा अब उप्रान्त गन मेटल समेतमा लाग्ने अतिरिक्त भन्सार महशूलमा पनि ८० प्रतिशत छुट दिइएको छ ।

६३. फर्निचर उद्योगहरुको लागि आवश्यक विभिन्न किसिमको काठको पैठारीमा लाग्ने भन्सार महशूललाई घटाई ५ प्रतिशत कायम गरिएको छ ।

६४. प्रेस उद्योगले आफ्नो प्रयोगको लागि पैठारी गर्ने प्रेश मेशिनका पार्टपूर्जा, टाइप ब्लक तथा अन्य उपकरणहरु तथा छाप्ने मसीको पैठारीमा हाल लागि आएको भन्सार महशूलमा ५० प्रतिशत छुट दिइएको छ ।

६५. परिवर्त्य विदेशी मुद्राको आर्जनको मुख्य श्रोतको रुपमा रहेको पर्यटन उद्योगको प्रवर्द्धनको लागि निम्न बमोजिम व्यवस्था गरेको छु ।

(क) नयाँ होटेल स्थापना गर्नको लागि वा क्षमता विस्तारको लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ५० प्रतिशत छुट दिइने छ । तर यस्तो छुट सुविधा कम्तीमा २० प्रतिशत शेयर १०० वा सो भन्दा कम शेयर लिनेहरुको हातमा स्वामित्व रहेको पब्लिक लिमिटेड कम्पनीको रुपमा संचालित होटलले मात्र पाउने छन् ।

(ख) ट्राभेल एजेन्सीहरुलाई टेलेक्स १, फ्याक्स मेशिन १, फोटोकपी मेशिन १, कम्प्यूटर १ र ट्रेकिङ्ग एजेन्सिहरुलाई टेलेक्स एक, फ्याक्स मेशिन १, टाइपराईटर १ फोटोकपी मेशिन १, स्लीपिङ्ग ब्याग २५ थान र जलयात्राको व्यवसाय गर्ने राफ्टीङ्ग एजेन्सीलाई रवरको डुङ्गा १०, हलेमेट १००, लाइफभेष्ट १००, पाडेल १००, वाटर प्रुफ क्यामेरा कन्टेनर १० गोटा, ५ प्रतिशत मात्र भन्सार लिई एक पटक पैठारी गर्ने दिइनेछ । त्यस्तो पैठारीमा अतिरिक्त भन्सार महसूल र विक्री कर लाग्ने छैन ।

६६. औद्योगिक वस्तुको उत्पादन कार्यमा बढी से बढी स्वेदशी कच्चा पदार्थ तथा प्राथमिक वस्तुहरुको उपयोग गरि उत्पादन गर्ने उद्योगलाई सम्बर्द्धन गरी अन्य उद्योगसँग सम्बन्ध स्थापित गर्न एक उद्योगले अर्को स्वदेशी उद्योगद्धारा उत्पादित वस्तुहरु प्रयोग गरेमा त्यसमा लागि आएको विक्रीकर तथा अन्तःशुल्क छुट दिई यस्ता सुविधा उपयोग गर्ने उद्योगको लागत मूल्यमा मिलान गर्न लगाइने व्यवस्था गरिने छ । तर यसरी उद्योगले विक्री गर्दा वा किन्दाको रेकर्ड प्रामाणित गर्नु पर्ने छ । यसै क्रममा स्वदेशी कच्चा पदार्थ छालामा आधारित जुत्ता एवं छालका अन्य सामानको उत्पादनमा विक्रीकर पुरै छुट दिइने छ ।

६७. वालपेपर,फोटोग्राफी पेपर बाहेक अन्य सबै प्रकारको कागजको पैठारीमा अतिरिक्त भन्सार महशूल छुट गरिएको छ ।

६८. कार्वन पेपर, स्टेपलपीन, सिसाकलम, मसी, टेण्ट एण्ड टार्पोलीन, चिम, रबर रोलर, खाक्सी, टीका उद्योगले आफ्नो उत्पादनको लागि पैठारी गर्ने विभिन्न कच्चा पदार्थ र सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरुमा सम्बन्धित उद्योग विभागले तोकि दिएको परिमाणसम्मको कच्चा पदार्थमा तैयारी वस्तुमा लाग्ने भन्सार महशूल भन्दा एक तह मुनीको भन्सार महशूल दरबन्दी लगाइने छ । साथै न्यूनतम दर रेट नै लागको रहेछ भने सोमा लाग्ने महशूलमा ५० प्रतिशत छुट दिइने छ ।

६९. औषधी उत्पादन गर्ने उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थमा १ प्रतिशत मात्र भन्सार लगाइने छ ।

७०. ट्याक्सी व्यवसायलाई सस्थागत रुपमा प्रवर्धन गरी प्रयोग कर्ता र ट्याक्सी चालकलाई बढी सुरक्षित एवं संगठित रुपमा ट्याक्सी संचालन गर्न मद्दत गर्न र पर्यटकहरुको निमित्त र रात्री सेवा समेत सुचारु रुपले पुऱ्याउने काममा प्रात्साहन गर्न ट्याक्सी चालकहरुलाई ट्याक्सीमा जडान गर्ने रेडियो टेलिफोन उपकरण सेट पैठारी गर्दा भन्सार महशूलमा ७५ प्रतिशत छुट दिइनेछ ।

७१. निर्यात प्रवर्द्धनको बढ्दो महत्वको परिप्रेक्षमा कार्पेट उत्पादनमा प्रयोग गर्ने कच्चा उन पैठारी गर्दाको अवस्थामा भन्सार महसूलका साथै अन्य करहरु माफी गर्ने व्यवस्था कायमै राखीएको छ । यस्तै तयारी पोशाक उद्योगबाट मूल्य अभिबृद्धि तथा रोजगारीमा बृद्धि हुने गरी प्रोत्साहन गर्न तयारी कपडा उद्योगले कच्चा पदार्थको रुपमा पैठारी गर्ने रेयन कपडामा सूति कपडामा लाग्ने भन्सार महशूल तथा विक्री कर वराबरको बैंक ग्यारेन्टी लिई वण्डेड वेयर हाउसमा राख्न पाउने व्यवस्था गरिएको छ । यसका साथै तैयारी पोशाक उद्योगले तैयारी कपडा उत्पादन गर्दा निस्किएका टुक्रा टाक्री कपडा निर्यात गर्न पाउने व्यवस्था मिलाइएको छ ।

७२. हाल खेर गईरहेका प्लाष्टिकका काम नलाग्ने टुक्रा टाक्री तथा पत्रुहरुलाई प्रशोधन गरी कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगहरु र विदेशी मुद्रा खर्च गरी कच्चा पदार्थ पैठारी गर्ने उद्योगको उत्पादनमा पनि अन्तःशुल्क समान दरमा लागि आएकोमा आगामी आर्थिक बर्ष देखि पत्रु प्रशोधन गरी प्रयोग गरिने उद्योगको उत्पादनमा लाग्ने अन्तःशुल्क दर घटाइएको छ ।

**विकृत स्थितिमा सुधार ल्याउन प्रस्ताव**

७३. हाल राजश्व नीतिमा देखा परेका विकृतिहरु तथा औद्योगिक व्यवसाय ऐनमा गरिएको गलत ब्याख्या जस्ता कारणहरुले देशको औद्योगिक विकास दिशाहिन गराउने मात्रै नभई राजश्वको आधार तथा लोचकतामा सुधारमा अवरोधको काम गरेको देखिन्छ । यस्ता विकृत स्थितिमा सुधार ल्याउन निम्न कदमहरु चाल्ने प्रस्ताव गरेको छु ।

७४. गुन्टा झिटी सूचना अन्तरगत हुने पैठारीमा विकृति आई यात्रुलाई दिइएको सुविधाको दुरुपयोग भएको महशूस गरी त्यस्तो व्यापारलाई निरुत्साहित गर्न करिब २ महिना अघि तस्करी नियन्त्रणको केही प्रारम्भिक कदम स्वरुप गुन्टा झिटी नियमका केही व्यवस्थाहरुमा परिवर्तन गरिएको सर्व विदितै छ । यसै सन्दर्भमा उक्त कदमलाई अझबढी सुदृढ गर्न सूचनाको दफा ३ को सुविधा उपयोग गर्न विदेशमा कम्तिमा १५ रात विताएको हुनु पर्ने व्यवस्था गरिएको छ ।

७५. हालसम्म बैध अवैध जसरी भएपनि सम्पत्ति जम्मा गर्न सक्ने तथा सोको हिसाब किताब कतै दिनु नपर्ने भैरहेकोबाट समाजमा आर्थिक तथा सामाजिक विकृतिहरु बढन गै यस्तो विकृतिको भार समेत सर्वधासाधरणले भोग्नु परेको छ । यस्तो सिर्थतिलाई क्रमशः निराकरण गरी अवाञ्छित रुपबाट सम्पत्ति जम्मा गरी हुन गएको आर्थिक असमानता कम गर्न र राजश्व परिचालनको दायरा फराकिलो पार्न आगामी आर्थिक बर्षदेखि आय कर तिर्नु पर्ने कर्तव्य भएका सबै नागरिकले आफ्नो सम्पूर्ण चल अचल सम्पत्तिहरुको विवरण सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्ने छ । यसरी दाखिला विवरणमा तोकिएको सम्पत्ति बाहेक अरु खूद सम्पत्तिको कूल मूल्याकंन रकममा देहाय बमोजिम छुद दिई बाँकी सम्पत्तिमा निम्न दरबाट सम्पत्ति कर लगाउने र असूल गर्ने प्रस्ताव गरेको छु । सम्पत्ति कर सम्बन्धी ऐन चाँडै नै जनसमक्ष ल्याइने छ । (सम्पत्ति मूल्याकंनमा समावेश नहुने भनी तोकिएका सम्पत्तिहरु र मूल्याकंन विधिका सम्बन्धमा अपनाइने आधार अनुसूचीमा दिएको छ ।

<u>**सम्पत्ति करको दर**</u>

| **तोकिएको सम्पत्तिमा पाउने छुटको** | |
|---|---|
| अतिरिक्त पहिलो रु.२५ लाखसम्ममा | कर नलाग्ने |
| त्यसपछिको रु.५० लाखसम्ममा | ०.२५ प्रतिशत |
| त्यसपछिको रु.१०० लाखसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको बाँकी जति सुकैमा | १.०० प्रतिशत |

७६. मनोरंजन कर तर्फ साविकमा भैरहेको कर लगाउने प्रकृयामा भएको विकृतीबाट व्यापक चुहावट भएको देखिएकोले त्यस्तो चुहावटलाई हटाउन आगामी आर्थिक बर्षदेखि श्रावण १ गते कायम रहेको कूल क्षमताको आधारमा सिनेमा हलहरुबाट एक मुष्ट मनोरंजन कर लगाई असूल गर्ने प्रस्ताव गरेको छु । तर यसो गर्दा नेपाली सिनेमा प्रदर्शन गर्दा निर्माताहरुलाई दिई आएको साविकको दुई तिहाई अनुदान यथावत कायम राखिएको छ । सिनेमा हलहरुको लाग्ने मनोरंजन करको लागि तोकिएको रकममा एकमुष्ट ७ प्रतिशतका दरले आयकर लगाई असूल उपर गर्ने पनि प्रस्ताव गरेको छु । टुरिङ्ग सिनेमा हल चलचित्र प्रदर्शनको इजाजत लिएकाहरुका हकमा मासिक रु.८ हजारका दरले प्रत्येक महिनाको १ गते एकमुष्ट मनोरंजन कर असुल गरिने छ ।

७७. विगतमा औद्योगिक नीतिको ब्याख्यामा समेत विकृति ल्याई सुविधाहरुको दुरुपयोगबाट फाइदा लिने दिने जस्ता कार्यहरुबाट औद्योगिक विकासलाई दिशाहिन तुल्याउन सघाउ पुगेको देखिएकोले त्यस्तो विकृति हटाउन चिनी र वियरमा अन्तःशुल्क कम गरी नयाँ बिक्री कर दरको व्यवस्था गरेको छु । यस व्यवस्थाबाट उपयुक्त विकृति कम गर्न मद्दत पुग्ने भै राजश्वमा समेत बृद्धि हुन जाने छ ।

७८. रेडियो, टेलिभिजन, भि.सि.आर, घडी, पंखा उद्योगहरुमा कच्चा पदार्थ पैठारीको अंशमा क्रमशः कम गर्दै लगी रोजगारी बृद्धि र मूल्य अभिबृद्धि गर्न प्रोत्साहन गर्न शत प्रतिशत सामान पैठारी गरी जडान गर्ने उद्योगहरुले भारत बाहेक अन्य मुलुकहरुबाट पैठारी गर्ने कच्चा पदार्थमा साविकमा लागि आएको साधारण भन्सार महसूल बाहेक १५ प्रतिशत अतिरिक्त भन्सार महशूल लगाउने प्रस्ताव गरेको छु ।

**राजश्वमा बृद्धि गर्ने प्रस्ताव**

७९. नेपालबाट निकासी हुने कच्छ, कत्था, सालको बीयाँ ढुङ्गा आदि जस्ता वस्तुहरुमा निकासी महशूल केही बढाएको छु । अन्य केही वस्तुहरुको निकासीमा १५ महिना अघिको भन्सार महसूल लगाउने व्यवस्था गरेको छु र बाँकी वस्तुहरुको निकासीमा साविककै भन्सार महशूल दर ०.५ प्रतिशत लाग्ने व्यवस्था कायमै राखेको छु ।

८०. निम्न आय भएका व्यक्तिहरुको पहुँच बाहिरका वस्तुहरु जस्तै फोटोग्राफीक सामान, सुख्खा फलफुल, इलेक्ट्रोनिक सामान जीप, कार आदिमा भन्सार महसूल केही बढाएको छु ।यस बाहेक चकलेट, चुइगम, सिन्थेटिक कारपेट, टास्ने टेप, एलवम, इमर्जेन्सी लाईट, विजुलीको पंखा, क्यालकुलेटर, टेलिफोन, बस ट्रकको चेसिस् , बाजा, भिडियो गेम, जिपफास्नर, जस्ता वस्तुको पैठारीमा हाल मोलको प्रतिशतमा मात्र भन्सार महसूल लागि आएकोमा अब उप्रान्त त्यस्ता वस्तुको पैठारीमा परिमाणको आधारमा पनि केही थप महशुल लाग्ने व्यवस्था गरिएको छ ।

८१. हाल क्यासिनोले वार्षिक रु.३० लाख रोयल्टी तिर्ने गरी आएकोमा आगामी आर्थिक वर्षदेखि लागु हुने गरी यसमा शत प्रतिशत बृद्धि गरेको छु । यसबाट जुवाडेहरुलाई केही मर्का नपर्ने विश्वास लिएको छु ।

८२. जति कर लगाए पनि चुरोट खान नछोडी आफ्नो स्वास्थ्यमा हानी पुऱ्याउनेहरुबाट राजश्व संकलनमा थप योगदान पुऱ्याउन हाल लाग्दै आएको अन्तःशुल्क दरमा १० प्रतिशत बृद्धि गरी अन्तःशुल्क लगाउने व्यवस्था गरेको छु ।

८३. त्यस्तै स्वास्थ्यलाई हानीकारक मदिरा सेवन प्रबृत्तिलाई निरुत्साहित गर्न तथा यसबाट राजश्व संकलनमा बृद्धि गर्न हाल लागेको विक्रीकरको दर बृद्धि गरी ४० प्रतिशत कायम गरेको छु । जनस्वास्थ्यलाई नै दृष्टिगत गरी हाल प्रचलनमा रहेको मदभट्टी प्रथा खारेज गरेको छु ।

८४. फ्रुट पल्प आयात गरी बनाइने हल्का पेय पदार्थमा अन्य हल्का पेय पदार्थमा लाग्ने सरह अन्तःशुल्क दर कायम गरेको छु । साथै पंखा र टेलिफोन सेटमा पनि अन्तःशुल्क लगाएको छु ।

८५. निजी क्षेत्रका लगानी कर्तालाई बैकल्पिक लगानीको क्षेत्र उपलब्ध नभएको कारणबाट विगतमा घरजग्गामा लगानी गर्ने प्रबृत्ति बढदै गएकोले एकातिर जग्गाको मोल आकाशिंदै गएको देखिन्छ भने अर्को तर्फ यसरी किनवेच गरिने जग्गाको वास्तविक मूल्य भन्दा कम मूल्य देखाई रजिष्ट्रेशन गर्ने र दस्तुर छल्ने गरेको देखिन्छ । शहरी क्षेत्रका घरजग्गा किनवेच बाट थप राजश्व संकलन गर्न घर जग्गा रजिष्ट्रेशन दस्तुरमा हाल लागि आएको क्रेता विक्रेता दुबैलाई लाग्ने दरमा १ प्रतिशत बृद्धि गरी रजिष्ट्रेशन दस्तुर लगाउने व्यवस्था गरेको छु ।

८६. हवाई उडान तर्फ श्रावण १, २०४७ देखि लागु हुने गरी हवाई यात्रुलाई अन्तराष्ट्रिय उडान जुनसुकै मुलुकमा जाँदा पनि रु.४५० हवाई उडान कर लगाउने व्यवस्था गरेको छु । तर आन्तरिक उडानमा लाग्ने हवाई उडान कर भने यथावत राखेको छु ।

**विविध**

८७ कर प्रशासन सुधार गर्नको लागि करको दायरामा आउन बाँकी करदाताहरुलाई करको दायरामा ल्याउने, कर दाताको आर्थिक कारोवार सम्बन्धी सूचनाहरुको संकलन र अद्यावधिक अभिलेख राख्ने कामलाई बढी व्यवस्थित र सुदृढ गर्ने, उद्योग व्यापार पेशा व्यवसाय वा यस्तै आर्थिक कारोवार गर्दा आयकर दर्ता प्रमाण पत्र अनिवार्य गर्ने, विदेश यात्रा गर्दा आयकर चुक्ता प्रमाण पत्र लिनु पर्ने, कर प्रणालीको आधारको रुपमा रहेको मूल्याकंन तरिकालाई व्यवस्थित गर्ने, कर छल्ने र छलाउने उपर कडा कारवाही गरी भैरहेका चुहावट रोक्ने, बक्यौता कर असुल गर्ने जस्ता प्रकृयागत सुधारहरुमा आगामी बर्ष जोड दिइने छ । साथै राजश्व असूली कार्यमा हुन सक्ने चुहावट नियन्त्रण गर्ने क्रममा निरीक्षण र रेखदेख र नियमित ढंगबाट संचालन गर्ने तथा आकस्मीक चेक गर्ने व्यवस्थालाई बढी तदारुकताका साथ संचालन गरिने छ यसमा स्थानीय उद्योग वाणिज्य संघको पनि सहयोगको अपेक्षा गरिएको छ ।

८८. साना करदाता आयकर निर्धारण समितिको क्षेत्र भित्र नपर्ने करदाताहरुको खूद आय र कर निर्धाराण हिसाब किताबको आधारमा गर्ने व्यवस्थालाई सुदृढ गर्न तोकिएको हिसाब किताब तथा सोको लेखा परीक्षण विधि र हालको कर निर्धाराण प्रणालीमा आवश्यक सुधार गरी व्यवस्थित गरिनेछ ।

८९. हालको करको दायरा फराकिलो पारी राजश्व संकलन गर्न तथा चुहावट नियन्त्रण गर्ने उद्देश्यले आगामी बर्षदेखि पच्चीस हजार रुपैया भन्दा बढीमा घरजग्गा वा सम्पत्ति वहालमा दिनुपर्दा अनिवार्य रुपमा सम्झौता गरी सो गरेको पन्ध्र दिन भित्र सम्झौताको एक प्रति सम्बन्धित कर कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरिएको छ ।साथै वार्षिक रु.५० हजार भन्दा बढीको वहाल भुक्तानी गर्दा भने एकाउन्ट पेयी चेकबाट मात्र वहाल भुक्तानी गर्न सकिने छ । विदेशी नागरिक वा संस्थाको हकमा भने जतिसुकै रकमको भएपनि सम्झौता गर्नु पर्ने कुरा अनिवार्य गरिएको छ ।

९०. हाल भएको भन्सारको आन्तरिक अस्थायी चेक पोष्टको व्यवस्थाबाट उद्योगपति तथा व्यापारी वर्गका साथै सर्वसाधारणको आन्तरिक आवागमनमा समेत झण्झट पर्न गएको देखिएकोले यस्ता चेक पोष्टको व्यवस्थालाई खारेज गरी राजश्व अनुसन्धानको संयोजकत्वमा सम्बन्धित राजश्व कार्यालयहरुको प्रतिनिधिहरु समेत रहेको संयुक्त घुम्ती टोली गठन गरी प्रभावकारी निगरानी राख्ने व्यवस्था मिलाएको छु ।

९१. माथि उल्लेखित परिवर्तनहरु बाहेक भन्सार, कर, अन्तःशुल्क तथा मालपोत लगायत अन्य करहरु सम्बन्धि व्यवस्थाहरु यथावत कायम राखिएका छन् ।

९२. कर, भन्सार, अन्तःशुल्क आदिमा गरिएको दरबन्दी परिवर्तन संलग्न अनुसूचीहरुमा दिइएको छ ।

९३. माथि उल्लेखित दफाहरु मध्ये दफा ४७, ४८, ४९, ५२, ५७, ५९, ६२, ६३, ६४, ६५, ६७, ६८, ६९, ७०, ७१, ७२, ७४, ७७, ७८, ७९, ८०, ८२, ८३, ८४ आजै देखि लागु हुने र बाँकी कर प्रस्तावहरु २०४७ श्रावण १ गते देखि लागु हुनेछ ।

९४. माथि उल्लेखित आयकर बिक्री कर, भन्सार, अन्तःशुल्क तथा रजिष्ट्रेशन आदिको दरबन्दीमा गरिएको परिवर्तन तथा कर प्रशासन सुदृढिकरण र प्रभावकारीताबाट रु.४९ करोड ६५ लाख थप राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

९५. आर्थिक बर्ष २०४६।४७ को कूल अनुमानीत खर्च मध्ये राजश्व परिचालन बाट ४२ प्रतिशत, आन्तरिक ऋणबाट ८.६ प्रतिशत र बाँकी ४९.४ प्रतिशत बैदेशिक ऋण तथा अनुदानबाट पूर्ति गर्ने प्रस्ताव गरिएकोमा आगामी बर्ष (२०४७।४८) को बजेट प्रस्ताव गर्दा कूल अनुमानीत खर्चको ५१.२ प्रतिशत राजश्व परिचालन गरी ८.३ प्रतिशत आन्तरिक ऋण उठती गरी र बाँकी ४०.५ प्रतिशत मात्र बैदेशिक ऋण तथा अनुदानबाट पूर्ति गर्ने प्रस्ताव गरेको छु ।

९६. आगामी आर्थिक बर्ष २०४७।४८ का लागि जम्मा रु.२ अर्ब १३ करोड ८४ लाख न्यून हुने देखाइएकोमा यस मध्ये कर परिवर्तन तथा कर प्रशासन सुदृढिकरण र प्रभावकारीताबाट गरी जम्मा रु.४९ करोड ६५ लाख प्राप्त हुने भई रु.१ अर्ब ६४ करोड १९ लाख नपुग हुने अनुमान छ । नपुग रकम मध्ये गैह बैकिङ्ग क्षेत्रबाट रु.७५ करोड र बैकिङ्ग क्षेत्रबाट रु.८९ करोड १९ लाख आन्तरिक ऋण उठाई पूर्ति गर्ने प्रस्ताव गरेको छु । तर आगामी बर्ष बैकहरुलाई लिने ऋणबाट रु.१५ करोड साँवा भुक्तानी गर्नु पर्ने र रु.३६ करोड संस्थानहरुको पुरानो भाखा नाघेको ऋण तथा पूजिकरणका लागि भएकोले बैकिङ्ग क्षेत्रबाट खूद रु.३८ करोड १९ लाख मात्र ऋण लिइने छ। यो रकम ले मुद्रा प्रदायमा न्यूनतम मात्र चाप पार्ने छ ।

**उपसंहार**

९७. यो सरकार बहुसंख्यक जनताको धेरै अघि देखि कुण्ठीत आकांक्षा र अनगिन्ती समस्याहरुसँग परिचित छ । भरखर पाएको प्रजातान्त्रिक हक अनुरुप समाजका विभिन्न व्यवसाय तथा वर्गका मानिसहरुको आ–आफ्नै किसिमका अपेक्षा र चाहनाहरु अभिव्यक्त हुँदैछन् । पंचायती व्यवस्थालाई उखेलेर बहुदलिय व्यवस्था स्थापना गरेको परिप्रेक्षमा नयाँ संस्कृति, नयाँ राजनीति र नयाँ शासन पद्धतिबाट धेरै कालसम्म दुःख झेलेका जनताले तद्नुरुप अपेक्षा गर्नु स्वाभाविक छ । तर त्यसो भन्दैमा क्षणिक लाभको भ्रममा जनतालाई पारेर सस्तो लोकप्रियता कमाउने काम छैन । एक जिम्मेदार अर्थ मन्त्रीले आफ्ना निर्णयहरुको दूरगामी प्रभावहरुलाई हेर्नु पर्दछ । त्यसैले अर्थ तन्त्रको विद्यमान कमजोरीहरु र पचायतबाट सर्न आएका दायित्वहरुको परिधिभित्र रहेर मैले आगामी बर्षको बजेट तर्जुमा गरेको छु । यसै परिप्रेक्षमा जनतामा परिरहेको र पर्नसक्ने थप कठिनाईहरुलाई मध्य नजर राख्दै कुनै खास पेशा वा व्यवसायमा संलग्न जनसमूह भन्दा नेपाली समाजको संरचनाको सन्दर्भमा आम जनताको स्वार्थलाई नै यस बजेटले मध्य नजर राखेको छ । मेरो दृष्टिमा यस बजेट मार्फत तिस बर्ष देखिको विसंगति र विकृतिको वित्तिय बोझ बोकेको अन्तरिम सरकारले विभिन्न प्रतिगामी पक्षहरुसँग जुध्नु पर्ने यस संक्रमणकालीन अवस्थामा पनि जनताको लागि अल्प अवधिमा दिन सक्ने राहत बारे आफ्नो दायित्व पूर्णरुपले निर्वाह गरेको छ । त्यस्तै विकास खर्च , आर्थिक नीति र राजश्वको ढाँचामा गर्नु पर्ने परिवर्तनको पनि महत्वपूर्ण थालनी गरिएको छ । जसका आ–आफ्ना गुनासाहरु अझ बाँकी छन्, उनीहरुलाई म के भन्न चाहन्छु भने अन्तिरिम सरकार सामु रहेको राजनैतिक चुनौतीको जटिलता र संवेदनशीलता प्रति सबै चनाखो हुनु पर्ने र धैर्य धारण गर्नु पर्ने आजको आवश्यकता लाई हेरेर एक वा दुइ बर्षमा सबै समस्याको समाधान नखोजौ । हाल प्रजातान्त्रिक नेपालको जुन नयाँ संविधान तर्जुमा हुँदै छ त्यसको आधारमा समस्त नेपालीको प्रजातान्त्रिक हक र मौलिक अधिकारहरु सुरक्षित भई विकासको अवसर र प्रतिफल समेत सबैले समानुपातिक रुपले पाउने कुरा सुनिश्चित हुनेछ भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौ ।

क

आय–व्ययको संक्षिप्त विवरण
२०४७।४८

रु. हजारमा

| आ.ब. २०४५।४६ को यथार्थ | विवरण | आ.ब. २०४६।४७ को संशोधित अनुमान | आ.ब. २०४७।४८ को अनुमान |
|---|---|---|---|
| १८,००५,००६ | कूल खर्च | १८,६६५,३१० | १९,७९१,७१४ |
| ५,६७६,२४२ | साधारण तर्फ | ६,७६८,८५९ | ७,४६४,९६० |
| १२,३२८,७६४ | विकास तर्फ | ११,८९६,४५१ | १२,३२६,७५४ |
| | खर्च व्यहोर्ने श्रोतहरु | | |
| ७,७७६,८६६ | राजश्व | ९,०३६,२२२ | १०,१२८,२४९ |
| ७,७७६,८६६ | राजश्वको वर्तमान श्रोतबाट | ९,०३६,२२२ | ९,६३१,७४९ |
| | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | ४९६,५०० |
| १,६८०,६०१ | वैदेशिक सहायता (अनुदान) | १,८२८,६३३ | २,५०९,३६३ |
| १,३६३,८२२ | द्विपक्षीय | १,५०९,००९ | १,९३४,०७४ |
| ३१६,७७९ | बहुपक्षीय | ३१९,६२४ | ५७५,२८९ |
| -८,५४७,५३९ | बचत (+) न्यून (-) | -७,८००,४५५ | -७,१५४,१०२ |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| ५,६६६,४४० | विदेशी सहायता (ऋण) | ६,०५०,४५५ | ५,५१२,१४५ |
| ५०७,८२३ | द्विपक्षीय | ८४०,५०५ | ५१९,६०५ |
| ५,१५८,६१७ | बहुपक्षीय | ५,२०९,९५० | ४,९९२,५४० |
| १,३३०,००० | आन्तरिक ऋण | १,७५०,००० | १,६४१,९५७ |
| १०,००० | गैर बैकिङ्ग | ७००,००० | ७५०,००० |
| १,३२०,००० | बैकिंङ्ग क्षेत्र | १,०५०,००० | ८९१,९५७ |
| १,५५१,०९९ | नगद मौज्दातमा परिवर्तन (- बचत) | ० | ० |

राजश्व अनुमान
२०४७/४८

ख–१
रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कूल जम्मा | ९,६३१,७४९ | ४९६,५०० | १०,१२८,२४९ |
| १.१.१.० | भन्सार महसूल | | २,६६७,००० | ३५०,००० | ३,०१७,००० |
| १.१.१.१ | | पैठारीबाट | २,४९५,००० | ३२०,००० | २,८१५,००० |
| १.१.१.२ | | निकासीबाट | ५०,००० | १५,००० | ६५,००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | १२०,००० | ० | १२०,००० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २,००० | १५,००० | १७,००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | ३,४१०,५०० | १४१,५०० | ३,५५२,००० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,२१०,००० | २५,००० | १,२३५,००० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | ४,००० | -४,००० | ० |
| १.१.२.३ | | विक्री कर | १,७२०,००० | ८०,५०० | १,८००,५०० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३४,००० | १०,००० | ४४,००० |
| १.१.२.६ | | होटल कर | ११०,००० | ० | ११०,००० |
| १.१.२.७ | | हवाइ उडान कर | १०१,००० | ३०,००० | १३१,००० |
| १.१.२.८ | | ठेक्का कर | १९५,००० | ० | १९५,००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | ३०,००० | ० | ३०,००० |
| १.१.२.९ क | | अन्य | ६,५०० | ० | ६,५०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ४६२,००० | ५०,००० | ५१२,००० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७७,००० | ० | ७७,००० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ३८५,००० | ५०,००० | ४३५,००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १,०८१,००० | -५०,००० | १,०३१,००० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | २००,००० | ० | २००,००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | २०,००० | -५०० | १९,५०० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ५,००० | ० | ५,००० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ७३५,००० | -५०,५०० | ६८४,५०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ५०,००० | -२०,००० | ३०,००० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | २१,००० | ० | २१,००० |
| १.१.४.८ | | सवारी साधन कर | ३५,००० | ० | ३५,००० |
| १.१.४.९ क | | ब्याज कर | १५,००० | ० | १५,००० |
| १.१.४.९ ख | | सम्पत्ति कर | | २१,००० | |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ७१०,७५० | ० | ७१०,७५० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १८,००० | ० | १८,००० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रशन दस्तुर | ० | ० | ० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ७५० | ० | ७५० |
| १.१.५.४ | | सावरी इजाजत दस्तुर | ११,५०० | ० | ११,५०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३०,५०० | ० | ३०,५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ६५०,००० | ० | ६५०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ५३२,९९९ | ० | ५३२,९९९ |
| १.१.६.१ | | पिउने पानी महसूल | २,३५० | ० | २,३५० |
| १.१.६.२ | | पानीपोत | १,५०० | ० | १,५०० |
| १.१.६.३ | | विद्युत महसूल | १२०,५४९ | ० | १२०,५४९ |
| १.१.६.४ | | हुलाक सेवा | ६६,००० | ० | ६६,००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २६,५०० | ० | २६,५०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १४,१०० | ० | १४,१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.६.७ | | वन क्षेत्रको आय | ११०,००० | ० | ११०,००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ७२,००० | ० | ७२,००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १२०,००० | ० | १२०,००० |
| १.१.७.० | लाभांस | | २७२,५०० | ० | २७२,५०० |
| १.१.७.१ | | वित्तीय स.स्था | २७०,००० | ० | २७०,००० |
| १.१.७.२ | | व्यापारिक संस्था | १,००० | ० | १,००० |
| १.१.७.३ | | औद्योगिक संस्था | १,००० | ० | १,००० |
| १.१.७.४ | | सेवामूलक संस्था | ५०० | ० | ५०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ५४,००० | ५,००० | ५९,००० |
| १.१.८.१ | | खानी रोयल्टी | ३,००० | ० | ३,००० |
| १.१.८.३ | | अन्य रोयल्टी | ११,००० | ० | ११,००० |
| १.१.८.४ | | अन्य विक्री | ४०,००० | ५,००० | ४५,००० |
| १.१.९.० | साँव र ब्याज | | ४२६,००० | ० | ४२६,००० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | २१५,००० | ० | २१५,००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २१०,००० | ० | २१०,००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १,००० | ० | १,००० |
| १.१.९.० | विविध आय | | १५,००० | ० | १५,००० |
| १.१.९.४ | | विविध आय | १५,००० | ० | १५,००० |

राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०४५।४६ को यथार्थ | आ.ब. २०४६।४७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कूल जम्मा | ७,७७६,८६६ | ९,०३६,२२२ |
| १.१.१.० | भन्सार महसूल | | २,२८९,९२१ | २,७०६,९५९ |
| १.१.१.१ | | पैठारीबाट | २,१३३,९३७ | २,६७३,३२६ |
| १.१.१.२ | | निकासीबाट | ६२,६५७ | ३२,१६८ |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ९१,६१७ | ० |
| १.१.१.४ | | भन्सारको अन्य आय | १,७१० | १,४६५ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | २,६६६,५७४ | ३,०७४,९८५ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ८७०,८५७ | १,०४०,६९१ |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | ६,७५९ | ४,५०० |
| १.१.२.३ | | विक्री कर | १,३७९,७२५ | १,६०८,९०४ |
| १.१.२.४ | | मनोरञ्जन कर | ३२,७९० | ३२,३४६ |
| १.१.२.६ | | होटल कर | ९३,२०९ | ९९,०३३ |
| १.१.२.७ | | हवाइ उडान कर | ६७,०४८ | ९१,४४१ |
| १.१.२.८ | | ठेक्का कर | १९३,२२६ | १६५,४८५ |
| १.१.२.९ | | सडक पुल सम्भार कर | २२,२८३ | २६,७८५ |
| १.१.२.९ क | | अन्य कर | ६७७ | ५,८०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ४००,९९१ | ४४१,११५ |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ८०,४२१ | ७२,८५८ |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३२०,५७० | ३६८,२५७ |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ९२९,७७८ | ९९५,१५९ |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | २१६,९४५ | २००,००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | २,६०६ | १५,००० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ४०० | ३,००० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ५९७,३७५ | ६६७,००० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ४३,८३३ | ४५,००० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १९,०३१ | १९,८५३ |
| १.१.४.८ | | सवारी साधन कर | ३१,०४९ | ३२,४३८ |
| १.१.४.९ क | | ब्याज कर | १८,५३९ | १२,८६८ |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ५५५,२५६ | ७१८,३२६ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १३,८८१ | १७,३१४ |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ८६३ | ७३४ |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | १०,९८७ | ११,१२६ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २८,८४६ | २९,५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ५००,६७९ | ६५९,६५२ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३४०,२४८ | ३८०,१०२ |
| १.१.६.१ | | पिउने पानी महसूल | १,९३६ | २,२६७ |
| १.१.६.२ | | पानीपोत | ३,५३९ | १,५८६ |
| १.१.६.३ | | विद्युत महसूल | ४६४ | ६८३ |
| १.१.६.४ | | हुलाक सेवा | ५७,६०० | ५८,८१८ |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २२,८०८ | २४,५४१ |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १२,९१६ | १३,१७९ |
| १.१.६.७ | | वन क्षेत्रको आय | ७५,५५६ | १०६,८८९ |

| | | | | |
|---|---|---|---|---|
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ६६,३८४ | ६०,९४७ |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ९९,०४५ | १११,१९२ |
| १.१.७.० | लाभांस | | १९८,४९५ | २३१,६०० |
| १.१.७.१ | | वित्तीय स.स्था | १७९,७८५ | २२९,६०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ११,७८३ | १,००० |
| १.१.७.३ | | औद्योगिक संस्था | ६,९२६ | १,००० |
| १.१.७.४ | | सेवामूलक संस्था | १ | ० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ३८,५०२ | ४५,६७२ |
| १.१.८.१ | | खानी रोयल्टी | ३,१८६ | १,२०१ |
| १.१.८.३ | | अन्य रोयल्टी | १०,०६६ | १०,८२६ |
| १.१.८.६ | | अन्य विक्री | २५,२५० | ३३,६४५ |
| १.१.९.० | साँव र ब्याज | | ३४३,०६७ | ४२५,६८७ |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | १७८,८७९ | २१०,००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | १६३,४५० | २१५,००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | ७३८ | ६८७ |
| १.१.९.० | विविध आय | | १४,०३४ | १६,६१७ |
| १.१.९.४ | | विविध आय | १४,०३४ | १६,६१७ |

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४५।४६ को यथार्थ | आ.ब. २०४६।४७ को संशोधित अनुमान | आ.ब. २०४७।४८ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | | | | | |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | २९,५४५ | ४२,४०५ | ४२,२९५ |
| | १.२ | राजसभा | २,४६५ | ३,३०२ | ३,१७८ |
| | १.४ | महालेखा परिक्षकको विभाग | १३,५७३ | १४,८४९ | १४,५१२ |
| | १.५ | सर्वोच्च अदालत | ६,२९७ | ६,३५२ | ५,९३४ |
| | १.६ | लोक सेवा आयोग | १३,५८८ | १४,२७१ | १४,२३२ |
| | १.७ | निर्वाचन आयोग | ६,०३७ | ६,५०७ | ८९,६६६ |
| | १.८ | अख्तियार दुरुपयोग निवारण आयोग | १,९५४ | २,१५१ | २,०६७ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २,६३४ | २,९११ | २,७२८ |
| २. साधारण प्रशासन | | | | | |
| | २.१ | मन्त्रिपरिषद् | ७,७५० | ७,२७७ | १०,०९१ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ११९,८४७ | १३०,८२७ | १११,३१४ |
| | २.३ | जिल्ला प्रशासन | ६३,५४० | ७०,५२० | ५५,१०९ |
| | २.४ | प्रहरी | ५४३,४१० | ६२३,८५६ | ७५०,३०७ |
| | २.५ | कारागार | ३९,६३९ | ४९,२६४ | ७२,०७२ |
| | २.६ | विविध | ५२,६४३ | ५८,४२० | ५६,२४४ |
| | २.७ | प्रशासन सुधार | २,४०० | २,२३२ | २,४०० |
| ३. राजश्व प्रशासन | | | | | |
| | ३.१ | मालपोत | ५०,०७३ | ५९,६६६ | ५८,९३८ |
| | ३.२ | भन्सार | ३०,६४१ | ३६,३४५ | ३७,७३४ |
| | ३.३ | अन्तःशुल्क | १३,१०९ | १४,४७१ | १२,८९८ |
| | ३.४ | कर | १६,८४८ | २०,९०९ | १९,३६६ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ५१६ | ४९३ | ५१८ |
| ४. आर्थिक प्रशासन र योजना | | | | | |
| | ४.१ | योजना | २,४२४ | २,७७४ | २,४९० |
| | ४.२ | तथ्याङ्क | २,६६१ | ३,१८१ | २,९६६ |
| | ४.४ | महालेखा नियन्त्रक कार्यालय | ३६,६१३ | ४०,४६३ | ४३,६७२ |
| ५.न्याय प्रशासन | | | | | |
| | ५.१ | अदालत | ७९,०४० | ८९,६१६ | ८७,७५२ |
| | ५.२ | अ.दु.पुनरावेदन अदालत | ४३५ | ४४४ | ४३३ |
| ६.बैदेशिक सेवा | | | | | |
| | ६.१ | ब्रैदेशिक सेवा | १३०,८८५ | १३२,९०९ | १६३,२३२ |
| | ६.२ | विविध | १९,९२३ | २०,५४१ | २४,७०३ |
| ७. रक्षा | | | | | |
| | ७.१ | रक्षा | ७६०,८४८ | १,०७१,३५१ | १,१०८,२८१ |
| | ७.२ | विविध | १३७,८७५ | ५,५६६ | ५,६०७ |
| ८. सामाजिक सेवाहरु | | | | | |
| | ८.१ | शिक्षा | २८२,९३० | ३३५,४४६ | ३४९,४८३ |
| | ८.२ | स्वास्थ्य | २५१,१४१ | २८३,५५७ | ३१६,०७३ |
| | ८.३ | पाउने पानी | १६,५२० | २,२६१ | २,३२२ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ३०,०६२ | ७,८५६ | ६,८६१ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ८५,१६३ | १२२,४६८ | ७६,५२० |
| ९. आर्थिक सेवाहरु | | | | | |
| | ९.१ | कृषि | २९,७४६ | ३३,४३४ | ३६,०६८ |
| | ९.२ | सिंचाई | ८,६६८ | ११,५५६ | ४,५८६ |
| | ९.३ | भूमिसुधार | ११,४५६ | १२,००७ | १४,४९७ |
| | ९.४ | नापी | १४,८५५ | १४,६२१ | १८,४४१ |
| | ९.५ | बन | १५,७२२ | १८,३७८ | १७,८१७ |
| | ९.६ | उद्योग तथा खानी | १५,६४० | १५,३६९ | १५,१७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.७ | सञ्चार | १३१,७३० | १६३,३९४ | १९८,८२० |
| | ९.८ | यातायात | ११५,८७९ | १२२,५९२ | १२५,५०७ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ७,६५८ | ८,६१९ | ८,९०७ |
| १०.ऋण तथा लगानी | | | | | |
| | १०.१ | ऋण तथा लगानी | ८,९०० | ८,५५० | १०,००० |
| ११. साँवा र ब्याज भुक्तानी | | | | | |
| | ११.१ | साँवा भुक्तानी | ५३४,०६२ | ७८७,२७७ | ७२६,६८७ |
| | ११.२ | ब्याज भुक्तानी | १,१८६,६२३ | १,५१७,२२५ | १,५८१,३९३ |
| १२. विविध | | | | | |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३५,५५१ | ४५,००० | १०,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ११३,०१४ | १५३,३७० | २०५,००० |
| | १२.३ | अतिथि सत्कार | ७८८ | १,००० | १,००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | १ | २० | २०० |
| | १२.५ | मुआब्जा | ५७२ | १०,५०० | १०,००० |
| | १२.६ | अन्य | १५०,२५३ | २९८,८८७ | १७८,८६० |
| | १२.७ | भैपरी आउने | | | |
| | १२.७ क | भैपरी आउने | ४४२,०९५ | ११७,६०० | १००,००० |
| | १२.७ ख | तलब बृद्धि | | १४४,००० | ६५०,००० |
| कूल जम्मा | | | ५,६७६,२४२ | ६,७६८,८६० | ७,४६४,९६० |

# विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४५।४६ को यथार्थ | आ.ब. २०४६।४७ को संशोधित अनुमान | आ.ब. २०४७।४८ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | | | |
| | २.७ | प्रशासन | ३५,०४४ | १४,७३३ | ११,८०५ |
| ४. आर्थिक योजना र प्रशासन | | | | | |
| | ४.१ | योजना | ४,०५१ | ४,८८२ | ८,०४६ |
| | ४.२ | तथ्याक | ६,०२१ | १०,६६९ | ११८,१८३ |
| ८. सामाजिक सेवाहरु | | | | | |
| | ८.१ | शिक्षा | १,४५८,८०४ | १,६१४,६१६ | १,७२९,२४४ |
| | ८.२ | स्वास्थ्य | ६१६,०३० | ५७१,८६४ | ५६८,७९७ |
| | ८.३ | पिउने पानी | ४६९,२७३ | ५९४,८०६ | ६८३,७६२ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ४५८,५५२ | ४६९,५०८ | ३६९,०३१ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ३०६,४९५ | ७६८,९५७ | ५२३,०३५ |
| ९. आर्थिक सेवाहरु | | | | | |
| | ९.१ | कृषि | १,०१६,२२२ | ९६२,६४२ | १,१९६,३१२ |
| | ९.२ | सिंचाई | १,६२३,१५३ | १,१५५,५६३ | १,१११,२९४ |
| | ९.३ | भूमिसुधार | २९,२९३ | ३९,२७८ | ४४,९४३ |
| | ९.४ | नापी | ८०,८१२ | ६२,४४३ | ७३,९५० |
| | ९.५ | बन | ५५६,६५६ | ४९४,९६० | ५८१,९५४ |
| | ९.६ | उद्योग तथा खानी | ५५४,३४८ | ७८१,१७१ | ८२९,२१६ |
| | ९.७ | सञ्चार | ३७४,७४८ | १२१,७७५ | १२,३५६ |
| | | (क) हुलाक | ८,१९८ | २,९७५ | २,३५६ |
| | | (ख) दूर संचार | ३६६,५५० | ११८,८०० | १०,००० |
| | ९.८ | यातायात | १,८५७,२४८ | १,९५१,८४४ | १,८२४,३६९ |
| | | (क) सडक | १,३९२,००५ | १,११५,२२३ | १,५२२,२९० |
| | | (ख) पूल | ११४,२६७ | १४१,६९९ | ९१,१८४ |
| | | (ग) हवाई | ३१६,४१५ | ६५३,३९५ | १९५,९९५ |
| | | (घ) अन्य यातायात | ३४,५६१ | ४१,५२७ | १४,९०० |
| | ९.९ | विद्युत | २,००३,३७१ | १,११३,६३३ | १,३१६,५३७ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | १४५,७८६ | ३१६,३५९ | ४९३,९२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (क) वाणिज्य | १५,९८३ | ३९,३६१ | ३९,६६२ |
| | | (ख) श्रम | १९,६९१ | ७,१६४ | १०,१८६ |
| | | (ग) पर्यटन | १७,१७६ | १६,२४२ | १४,६१४ |
| | | (घ) हावापानी तथा जल विज्ञान | १८,९५७ | ४४,६८० | १७,४५८ |
| | | (ङ) अन्य | ७३,९७९ | २०८,९१२ | ४१२,००० |
| १२. विविध | | | | | |
| | १२.६ | अन्य | २१२,८७५ | ४३२,२५० | ० |
| | १२.७ | भैपरी | ५१९,९८२ | ४१४,५०० | ८३०,००० |
| | १२.७ क | भैपरी आउने | ५१९,९८२ | २४७,००० | ११०,००० |
| | १२.७ ख | तलब वृद्धि | | १६७,५०० | ७२०,००० |
| कूल जम्मा | | | १२,३२८,७६४ | ११,८९६,४५३ | १२,३२६,७५४ |